प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १९५ | काठमाडौं | शुक्रबार, ०४ मंसिर २०८३ | Prabhab National Daily | Friday, 20 November 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

बालेन सरकारसँग टकराव बढाउँदै एमाले

■ जेबी योञ्जन

काठमाडौं– प्रधानमन्त्री बालेन्द्र शाह बालेन नेतृत्वको सरकारविरुद्ध प्रतिपक्षी नेकपा एमालेले राजनीतिक प्रतिवाद चर्काउने भएको छ । सरकार गठन भएको आठ महिनालाई राजनीतिक प्रतिशोध, स्वेच्छाचारी शासन र संवैधानिक संस्थामाथिको हस्तक्षेपको अवधिका रूपमा चित्रण गर्दै एमालेले सडक आन्दोलनमा उत्रने चेतावनी दिएको छ ।

काठमाडौंको बबरमहलस्थित कार्की बाङ्क्वेटमा भएको दुई दिने राष्ट्रिय भेलाको समापनमा २१ बुँदे विशेष प्रस्ताव पारित गर्दै एमालेले सरकारका कामकारबाहीमाथि चौतर्फी प्रश्न उठाएको छ । एमालेले सरकारविरुद्ध राजनीतिक प्रतिवादको कार्यदिशा नै अघि सारेको हो । भेलाले लोकतन्त्रको पुनर्बहाली, राष्ट्रिय स्वाधीनताको रक्षा र जनअधिकार संरक्षणका लागि आन्दोलनको तयारी गर्ने संकल्प गरेको छ । आगामी स्थानीय, प्रदेश र राष्ट्रियसभा निर्वाचनको तयारीसँगै आन्दोलनको विकल्प पनि खुला राखेर एमालेले सरकारमाथि दबाब बढाउन खोजेको देखिन्छ ।

भेलाको उद्घाटन र बन्दसत्रमा अध्यक्ष केपी शर्मा ओलीले दिएको अभिव्यक्ति तथा समापनपछि सार्वजनिक गरिएको प्रस्तावले एमाले अब सरकारसँगको टकरावलाई राजनीतिक रूपमा थप चर्काउने रणनीतिमा रहेको देखिएको छ ।

ओलीले कार्यकर्तालाई आन्दोलनका लागि तयारी अवस्थामा रहन निर्देशन दिएका छन् भने पार्टीले सरकारलाई लोकतान्त्रिक मूल्य र संवैधानिक मर्यादाबाट विचलित भएको आरोप लगाएको छ । अध्यक्ष ओलीले सरकारको व्यवहार र कार्यशैलीमाथि प्रश्न उठाउँदै जुनसुकै बेला पार्टीका नेता तथा कार्यकर्तामाथि राजनीतिक प्रतिशोध हुन सक्ने भन्दै आन्दोलनका लागि तयार रहन निर्देशन दिएका छन् ।

'आन्दोलनको तयारी हिसाबमा बस्नुस्, कुनै पनि समय सरकारले प्रतिशोध कसैमाथि पनि लिन सक्छ, कसैलाई पनि गिरफ्तार गर्न सक्छ, कसैमाथि हमला गर्न सक्छ,' ओलीले भने ।

सरकार संविधान, कानुन र राजनीतिक मर्यादाभित्र रहेर काम गरिरहेको छ भन्ने विश्वास गर्न नसकिने उनको टिप्पणी थियो । आफूलाई पुनः गिरफ्तार गरिए एमाले चुप लागेर नबस्ने चेतावनी दिँदै उनले यसअघि सडकमा उत्रिएको पार्टीको शक्ति अब अझ ठूलो हुने दावी गरे । 'एमाले चुप लागेर बस्नेछैनौं ।

क्रमशः पृष्ठ २ मा



एमालेको १० आरोप

- राजनीतिक प्रतिशोध
- मौलिक अधिकार हनन्
- संवैधानिक संस्थामाथि हस्तक्षेप
- सञ्चारमाध्यममाथि नियन्त्रण
- संविधान र संघीयतामाथि प्रहार
- भदौ २३ र २४ को घटना छानबिन
- राज्यसंयन्त्रमा विचौलियाको हस्तक्षेप
- व्यवसायीमाथि धरपकड
- जनजीविकाप्रति बेवास्ता
- राष्ट्रिय हित र कूटनीतिक कमजोरी

मलेसिया ठगी प्रकरणमा थप पूर्वमन्त्रीसमेत तानिन सक्ने

- मलेसिया जाने श्रमिकमाथि ठगी गरेको यो प्रकरणमा सभामुख डोलप्रसाद अर्याल र पूर्वन्त्री शरतसिंह भण्डारीसमेत तानिने चर्चा छ । अर्याल श्रमसचिव हुँदा श्रम मन्त्रालयमा अहिलेका सभामुख अर्याल र भण्डारी श्रममन्त्री बनेका थिए
- स्वास्थ्य परीक्षणको नाममा भएको बदमासीबारे अनुसन्धान गर्न सुशीला कार्की नेतृत्वको सरकारका श्रममन्त्री राजेन्द्रसिंह भण्डारीले कार्यदल गठन गरेका थिए । उक्त कार्यदलले बुझाएको प्रतिवेदन नयाँ सरकार बनेपछि खोजी गर्दा मन्त्रालयबाट गायब पारिएको थियो
- पूर्वमुख्यसचिव एकनारायण अर्याल भने पत्राउको सूँइको पाएर विदेश फरार

■ प्रभाव संवाददाता



शरतसिंह भण्डारी



डोलप्रसाद अर्याल

काठमाडौं– नेपाल र मलेसियाबिच भएको श्रम सम्झौताविपरीत रकम असुली गरेको आरोपमा पत्राउको सूचीमा रहेका पूर्वमुख्यसचिव एकनारायण अर्याललाई प्रहरीले फरारको सूचीमा राखेको छ । मलेसिया जाने श्रमिकलाई मेडिकल व्यवसायीसँग मिलेर ठगी गरेको अभियोममा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो(सीआइबी)ले अर्याललाई पत्राउको तयारी गरेको थियो ।

सीआइबीले पत्राउ गर्ने सूचना चुहिएपछि अर्याल बुधबार नै दिल्ली उडेको प्रहरीको दावी छ । अर्याल स्थलमार्ग हुँदै त्यसतर्फ लागेको बताइएको छ । सीआइबीका प्रवक्ता एसएसपी अनुपमशमशेर जबराले अर्याललेे अर्याल भारततर्फ लागेको पुष्टि गरे । 'हाम्रो टोलीले खोजी गर्दा उहाँ भागेर देशबाहिर जानुभएको भन्ने सूचना पाएका छौं,' प्रवक्ता जबराले भने ।

बुधबार सिआइबीले पूर्वश्रममन्त्रीद्वय शेरबहादुर कुँवर र रामेश्वर रायसहित ६ जनालाई पक्राउ गरेको थियो । अर्याल भने श्रम मन्त्रालयबाट सूचना चुहिएका कारण दिल्ली उडेको प्रहरीको दावी छ । सीआइबीले श्रम मन्तालयसँग मलेसिया प्रकरणको कागजात मगाएको थियो । अर्याल श्रम मन्त्रालयको सचिव हुँदा मलेसिया जाने श्रमिकसँग सम्झदौताका दायरा नाघेर एक अर्ब ६९ करोड दुई लाख २४ हजार रूपैयाँ अपचलन गरेको अभियोग उनीहरूमाथि लगाइएको छ । सोही आरोपमा अर्का पूर्वश्रमसचिव विनोद केसी भने पक्राउ परिसकेका छन् । मन्त्रालयका तत्कालीन सहसचिवद्वय उमेश ढुंगाना र राजीव पोखरेल तथा उपसचिव निर्मला गुरुङलाई हिरासतमा राखेर अनुसन्धान अगाडि बढाइएको छ ।

सीआईबीले यसअघि स्वास्थ्य व्यवसायी कैलाश खड्कासहित चार जनालाई गत असोज २९ गते पक्राउ गरेको थियो । उनीहरूले मलेसिया जाने श्रमिकको स्वास्थ्य परीक्षण गर्न २९ वटा मेडिकलले सिन्डिकेट खडा गरेका थिए । मलेसिया रोजगारीका लागि जाने श्रमिकको स्वास्थ्य परीक्षण गर्दा निर्धारित शुल्कभन्दा एक सय रिंगिट (करिब तीन हजार ६ सय रूपैयाँ) बढी लिएको आरोपपत्रमा उल्लेख छ ।

नेपाल सरकारले नै गैरकानुनी भनेको रकम उठाउन र मलेसिया पठाउन सहजीकरण गरेको आरोपमा तत्कालीन मन्त्री, सचिव र अन्य कर्मचारी पनि अनुसन्धानमा तानिएका हुन् । तत्कालीन श्रमसचिव अर्याल २०८१ भदौमा मुख्यसचिव नियुक्त भएका थिए । त्यसअघि उनी गृहसचिवका रूपमा कार्यरत थिए । गृहसचिव हुँदै मुख्यसचिव बनेका अर्याल १५ महिनापछि २०८२ मंसिरमा उमेरहदका कारण अनिवार्य अवकास भएका थिए ।

गायब परिएको थियो प्रतिवेदन

मलेसिया जाने श्रमिकमाथि ठगी गरेको यो प्रकरणमा सभामुख डोलप्रसाद अर्याल र पूर्वन्त्री शरतसिंह भण्डारीसमेत तानिने चर्चा छ । अर्याल श्रमसचिव हुँदा श्रम मन्त्रालयमा अहिलेका सभामुख अर्याल र पूर्वमन्त्री भण्डारी पनि श्रममन्त्री बनेका थिए ।

अर्याल श्रम मन्त्रालयमा सचिव रहँदा किसान श्रेष्ठसमेत श्रममन्त्री बनेका थिए । २०७८ मंसिरमा श्रम सचिवका रूपमा सामान्य प्रशासनबाट सरुवा भएका अर्याल २०८० जेठ २९ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सरुवा भएका थिए । यो प्रकरणमा अन्य मन्त्री र कर्मचारीहरू पनि तानिने सम्भावना रहेको सीआईबी स्रोत बताउँछ । तत्कालिन श्रम सचिव कृष्णहरी पुस्करको नामसमेत यो प्रकरणमा जोडिएको बताइएको छ ।

स्वास्थ्य परीक्षणको नाममा भएको बदमासीबारे अनुसन्धान गर्न सुशीला कार्की नेतृत्वको सरकारका श्रममन्त्री राजेन्द्रसिंह भण्डारीले कार्यदल गठन गरेका थिए । मन्त्रालयका उपसचिव लवराज जोशीको संयोजकत्वमा बनेको कार्यदलले २०८२ फागुन ५ मा ठगीमा संलग्न संस्था, ती संस्थाका अधिकारीहरू लगायतको विस्तृत विवरणसहितको प्रतिवेदन मन्त्री भण्डारीलाई बुझाएको थियो ।

नयाँ सरकार बनेसँगै उक्त प्रतिवेदन र त्यससँग सम्बन्धित कागजपत्रहरू मन्त्रालयमा खोज्दा फेला नपरेपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालयले यसबारे थप छानबिन गर्न प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोलाई जिम्मेवारी दिइएको थियो ।

यसरी असुलिएको पैसा बैंकिङ प्रणालीमार्फत नै पठाउन सघाएर विदेशी मुद्रा सञ्चितिमा पनि नोक्सान हुने काम गरेको प्रहरीले जनाएको छ । गायब प्रतिवेदनमा काठमाडौं उपत्यकामा सञ्चालनमा रहेका ३६ वटा मेडिकल सेन्टर, हेल्थ केयर तथा डायग्नोस्टिक सेन्टर अनुसन्धानको दायरामा रहेका छन् ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

चार महिनामा दुई लाख ७० हजारभन्दा बढी रोजगारीका लागि विदेसिए


कात्तिक महिनामा ६५ हजार ८०८ जना श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा

■ प्रभाव संवाददाता

काठमाडौं– चालु आर्थिक वर्ष २०८३/८४ को चार महिना (साउन-कात्तिक)मा दुई लाख ७० हजार ५६ जना वैदेशिक रोजगारीमा गएका छन् । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको पछिल्लो तथ्यांकअनुसार यस अवधिमा दुई लाख ३१ हजार ९८७ जना पुरुष र ३८ हजार ६९ जना महिला रोजगारीको खोजीमा विदेसिएका हुन् ।

यसरी विदेसिनेमध्ये एक लाख ४८ हजार १९३ जना पहिलोपटक श्रम स्वीकृति लिने रहेका छन् । श्रम स्वीकृति नवीकरण गरेर रोजगार गन्तव्य मुलुकतर्फ जानेको संख्या एक लाख २१ हजार ८६३ जना रहेको छ । सो अवधिमा एक लाख तीन हजार १०७ जना संस्थागत, ४१ हजार ९८० जना व्यक्तिगत, तीन हजार १०६ जना जिटुजी प्रणालीमार्फत रोजगारीका लागि विभिन्न मुलुक गएको विभागको तथ्यांकमा उल्लेख छ ।

उक्त अवधिमा रोजगारीका लागि विदेसिएकामध्ये एक लाख ५७ हजार ९४२ जना दक्षता हासिल गरेर गएको देखिन्छ । यसैगरी ४१ हजार ८१६ जना अर्धदक्ष र ६८ हजार ४८४ जना अदक्ष श्रमिक रोजगारीका लागि विदेसिएका छन् । यसै अवधिमा ३५७ जना उच्च दक्ष र एक हजार ४५७ जना व्यावसायिक श्रमिक वैदेशिक रोजगारीका लागि विभिन्न मुलुक पुगेका छन् ।



फाइल तस्बिर

चार महिनामा सबैभन्दा धेरै युवा पुरानो श्रम गन्तव्यमा नै गएको पाइएको छ । सबैभन्दा धेरै ८१ हजार ४८९ जना संयुक्त अरब इमिरेट्स (युएई) गएका छन् । त्यसपछि ४१ हजार ८६६ जना कतार जाँदा मलेसियामा ३९ हजार १० जना गएका छन् । त्यसपछि, साउदी अरबमा ३० हजार ७५५ र कुवेतमा १८ हजार ५८ जना गएका छन् ।

कात्तिकमा ६५ हजारभन्दा बढी विदेसिए

विभागले बुधबार सार्वजनिक गरेको तथ्यांकअनुसार कात्तिक महिनामा ६५ हजार ८०८ जना श्रम स्वीकृति लिएर रोजगारीका लागि १०७ वटा मुलुक गएका छन् । जसमा २६ हजार ६६० जना पहिलोपटक विदेसिएका हुन् । पहिलोपटक मुलुक छोड्नेमा २१ हजार ९९३ जना पुरुष र चार हजार ६६७ जना महिला रहेका छन् ।

उक्त महिनामा १४ हजार ४०८ जना पुरुष र दुई हजार २३५ महिला गरी १६ हजार ६४३ इजाजतपत्र प्राप्त संस्थामार्फत रोजगारीमा गएका छन् । साथै, सात हजार १२२ जना पुरुष र दुई हजार ३४८ जना महिला गरी नौ हजार ४७० जना व्यक्तिगत श्रम स्वीकृतिमा गएका छन् । कात्तिक महिनामा ३९ हजार १४८ जना युवा श्रम स्वीकृति नवीकरण गरेर गएका छन् ।

गत महिना ४२ हजार ५७९ जना श्रमिक सीपयुक्त भएर रोजगारीमा जाँदा १४ हजार १९९ जना अदक्ष श्रमिक गएका छन् । सोही अवधिमा आठ हजार ५४३ जना अर्धदक्ष श्रमिक गएका छन् । साथै, ९४ हजार उच्च दक्ष श्रमिक र ३९३ जना व्यावसायिक श्रमिक गएका छन् ।

क्रमशः पृष्ठ २ मा

बाल अधिकारको रक्षा गरौं

- उचित वातावरण, पोषण, शिक्षा, खेल, मनोरञ्जन र विकासको अवसर पाउनु प्रत्येक बालबालिकाको अधिकार हो,
- शोषण, दुर्व्यवहार र बाल श्रमबाट बाल-बालिकालाई बचाऔं,
- बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिऔं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

पृष्ठ १ बाट क्रमशः

मलेसिया ठगी...

सूचीमा काठमाडौं महानगरपालिकाका विभिन्न वडा, टोखा नगरपालिका तथा ललितपुर महानगरपालिकामा रहेका स्वास्थ्य संस्थाहरू छन् ।

सार्वजनिक सूचीमा कैलाश खड्काको नाम अनमोल मेडिकल सेन्टर, प्रशान्ती हेल्थ केयर, डाइनेस्टी मेडिकल सेन्टर र हिमालयन डायग्नोस्टिक क्लिनिक गरी चारवटा संस्थासँग जोडिएको छ । त्यस्तै, अन्य केही व्यक्तिको नाम पनि एकभन्दा बढी स्वास्थ्य संस्थाको विवरणमा समावेश छ।

सूचीअनुसार सिनामंगल क्षेत्रमा मात्रै अनमोल मेडिकल सेन्टर, फ्युजन मेडिकल सेन्टर, प्रशान्ती हेल्थ केयर र ए क्वालिटी हेल्थ केयर डायग्नोस्टिक सेन्टरलगायत संस्था रहेका छन् । त्यस्तै, कोटेश्वर क्षेत्रमा हिमालयन डायग्नोस्टिक क्लिनिक, सुधा क्लिनिक र चेतना स्वास्थ्य सेवा केन्द्र सञ्चालनमा रहेको विवरणमा उल्लेख छ । यसैगरी, सामाखुसी क्षेत्रमा पब्लिक हेल्थ पोलिक्लिनिक सेन्टर, क्यापिटल मेडिकल सेन्टर, सिरप हेल्थ केयर र भ्याली मेडिकल सेन्टर रहेका छन् । महाराजगञ्ज क्षेत्रमा सनराइज मेडिकल सेन्टर, मेरिडियन हेल्थ केयर सेन्टर तथा स्टोटस मेडिकेयर एन्ड डायग्नोस्टिक सेन्टरको नाम सूचीमा छ । ललितपुरमा उपत्यका प्याथोलोजी एन्ड क्लिनिक र सुब्बा प्याथोलोजी एन्ड क्लिनिकको नाम पनि समावेश गरिएको छ ।

■■■

बालेन...

संख्या केही हजारका दरले त्यसबेला निस्कियो होला । अब लाखका हिसाबले निस्कन्छ,' ओलीले चेतावनी दिए । उनले सम्भावित गिरफ्तारीलाई पार्टीमाथिको आक्रमणका रूपमा व्याख्या गर्दै त्यसको प्रतिवादमा कार्यकर्ता परिचालन हुने बताएका छन् ।

ओलीले गत वर्षको २३ र २४ भदौमा भएको जनेजी विद्रोहलाई लोकतान्त्रिक प्रणालीभित्र स्वीकार गर्न नसकिने बताएका छन् । विद्रोहलाई उनले त्रासदीपूर्ण, विध्वंसात्मक र आतंकपूर्ण क्रियाकलापको संज्ञा दिए ।

'भदौ २३-२४ को एउटा त्रासदीपूर्ण, विध्वंसात्मक र आतंकपूर्ण क्रियाकलाप भयो । यो लोकतन्त्रभित्रको स्वीकार्य कुरा होइन,' उनले भने, 'लोकतान्त्रिक प्रणालीभित्र मान्न सकिने घटनाक्रम होइन । यो बिल्कुल अस्वीकार्य घटना हो ।'

उनले एमालेले तत्कालीन अवस्थामा पनि उक्त घटनालाई स्वीकार नगरेको र भविष्यमा पनि स्वीकार नगर्ने बताए ।

ओलीले जेनजी विद्रोहअघिको कांग्रेस र एमालेबीचको सत्ता सहकार्यलाई देशमा राजनीतिक स्थिरता कायम गर्ने उद्देश्यसँग जोड्दै दुई ठूला दलको सरकार देखेर प्रतिक्रियावादी शक्तिहरू आत्तिएको दाबी गरे। निर्वाचनसम्म सरकार ढाल्न नसकिने र संविधान तथा लोकतान्त्रिक प्रणालीलाई कमजोर पार्न नसकिने अवस्था बनेपछि भूराजनीतिक चलखेल बढेको उनको तर्क थियो ।

उनको सम्बोधनपछि प्रचार विभाग प्रमुख निरज आचार्यले जारी गरेको संकल्पमा जेनजी विद्रोहको षड्यन्त्रको पर्दा खुल्दै गएको दाबी गरेको छ । बालेन सरकारले घटनासम्बन्धी छानबिन प्रतिवेदन लुकाएको र राजनीतिक नेतृत्वलाई फसाउन मुद्दा चलाउने प्रयास गरेको एमालेको आरोप छ । भेलाले घटनाको निष्पक्ष छानबिनका लागि सक्षम न्यायिक आयोग गठन गर्न माग गरेको छ।

बालेन सरकारका आठ महिनालाई एमालेले राजनीतिक प्रतिशोध र अनुत्तरदायी शासनको अवधिका रूपमा व्याख्या गरिएको छ। 'बालेन्द्र सरकारको ८ महिना राजनीतिकप्रतिशोध,मौलिकअधिकार हनन, संवैधानिक संस्थाहरूको मानमर्दन, राज्यसंयन्त्रमाथि नग्न हस्तक्षेप र स्वेच्छाचारी एवं अनुत्तरदायी शासनका रूपमा बितेका छन्,' जारी वक्तव्यमा छ।

बालेनले प्रधानमन्त्रीका रूपमा शपथ लिएको केही घण्टा नबित्दै पार्टी अध्यक्ष ओलीलाई गिरफ्तार गरिएको घटनालाई एमालेले राजनीतिक प्रतिशोधको पराकाष्ठा भनेको छ । त्यसपछि उपाध्यक्ष विष्णुप्रसाद पौडेलसहित विभिन्न दलका नेताहरूलाई अपमानपूर्वक गिरफ्तार गरिएको उसको दाबी छ ।

प्रतिष्ठित व्यवसायीलाई बिना कसुर पक्राउ गरेर तर्साउने, संवैधानिक निकायका पदाधिकारीलाई प्रधानमन्त्री कार्यालयमा घण्टौं बन्धक राख्ने र कर्मचारीलाई दबाबमा पारेर निर्णय गराउने काम भइरहेको पनि एमालेको आरोप छ ।

सञ्चारमाध्यममार्फत सरकारी व्यवहारलाई पनि एमालेले गम्भीर रूपमा उठाएको छ । समाचार कक्षमा प्रहरी अनधिकृत रूपमा प्रवेश गर्ने, पत्रकार गिरफ्तार गर्ने, सामग्री निर्माता र अभियन्तालाई तर्साउने तथा विज्ञापनको स्रोत बन्द गरेर स्वतन्त्र सञ्चारमाध्यमलाई कमजोर पार्न खोजिएको एमालेको भनाइ छ । 'यो भेला सरकारका यस्ता अलोकतान्त्रिक, स्वेच्छाचारी र निरंकुश कदमको भर्त्सना गर्दछ,' वक्तव्यमा उल्लेख छ ।

सरकारले संविधानका २४५ वटा धारा संशोधन गर्न सुझाव दिने कार्यदल गठन गरेको तथा मन्त्रीहरूबाट प्रदेश खारेजीसम्बन्धी अभिव्यक्ति आएको विषयलाई समेत एमालेले संघीयतामाथिको प्रहारका रूपमा व्याख्या गरेको छ । राष्ट्रपति संस्था, संसद्, राजनीतिक दल, संवैधानिक अंग र सुरक्षा निकायको मानमर्दन भइरहेको उसको ठहर छ ।

एमालेले सरकारको आलोचना मात्रै गरेको छैन, पार्टीको आन्तरिक अवस्थामाथि पनि समीक्षा गरेको छ । निर्वाचनमा बेहोरेको धक्का र त्यसपछिको राजनीतिक परिस्थितिलाई सम्बोधन गर्न संगठनात्मक शुद्धीकरण र सुदृढीकरण आवश्यक रहेको उसको निष्कर्ष छ ।

भेलाले नेता तथा कार्यकर्तामा देखिएको विलासी जीवनशैली, जनताबाट टाढिने प्रवृत्ति, आर्थिक तथा आचरणगत विचलन र गुटबन्दी अन्त्य गर्ने संकल्प गरेको छ । युवा पुस्तासँग संवाद र सहकार्य बढाउने तथा जनताको विश्वास पुनः आर्जन गर्ने प्रतिबद्धता पनि व्यक्त गरिएको छ । यस्तै, एमालेले प्रधानमन्त्री बालेन शाहको आसन्न भारत भ्रमण औपचारिक भेटघाटमा सीमित नगरी नेपाल-भारत सम्बन्धका पुराना समस्या समाधान गर्ने अवसरका रूपमा उपयोग गर्नुपर्ने जनाएको छ ।

सीमा विवाद, असमान सन्धि, प्रबुद्ध व्यक्ति समूह (ईपीजी)को प्रतिवेदन, बढ्दो व्यापार घाटा, थप हवाई प्रवेश बिन्दु र लामो समयदेखि रोकिएका विकास आयोजनालाई प्राथमिकतामा राख्न एमालेले आग्रह गरेको छ ।

'नेपालले आफ्ना सरोकार, हित र समस्याका विषय स्पष्ट र खुलाखुलस्त ढंगले राख्नुपर्छ,' भेलाको प्रस्तावमा भनिएको छ ।

प्रधानमन्त्री बालेनले गत १७ जेठमा संसद्मा दिएको सीमासम्बन्धी अभिव्यक्ति सच्याउनुपर्ने मागसमेत एमालेले गरेको छ । राष्ट्रिय स्वाधीनता र सार्वभौमिकतासँग जोडिएका विषयमा सरकारको गतिविधिमाथि निगरानी गर्ने उसको भनाइ छ ।

यसैगरी महँगी नियन्त्रण, विद्युत्मा लगाइएको कर फिर्ता, सुकुम्बासीको उचित व्यवस्थापन, बेरोजगारी न्यूनीकरण र लगानीमैत्री वातावरण निर्माण गर्न सरकारलाई आग्रह गरिएको छ ।

■■■

चार महिनामा...

कात्तिक महिनामा पनि सबैभन्दा धेरै युवाको रोजाइको गन्तव्य युएई नै रहेको छ। उक्त मुलुकमा २० हजार ३२९ जना गएका छन् । जसमा १६ हजार ९१७ पुरुष र तीन हजार ४१२ जना महिला रहेका छन् । दोस्रोमा नौ हजार ५३८ जना कतार गएका छन् । कतारपछि मलेसियामा आठ हजार ७६८, साउदी अरबमा छ हजार ९८९, कुवेतमा चार हजार ५६६, रोमानियामा दुई हजार ५८७, जापानमा एक हजार ८२५ जना, टर्कीमा एक हजार १३७ जना, क्रोएसियामा एक हजार ३९ जना र ओमानमा ९७८ जना गएका छन् ।

जिल्लागत तथ्यांक हेर्दा सबैभन्दा धेरै झापाबाट तीन हजार १७१, धनुषाबाट दुई हजार ८६७, मोरङबाट दुई हजार ७३५, सिरहाबाट दुई हजार ८५ र रूपन्देहीबाट दुई हजार ६५ जना रोजगारीको खोजीमा विदेश गएको विभागको तथ्यांकमा देखिन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

सर्वसाधारणको जानकारीका लागि सूचना

यस **दिलेश्वर केन्द्र प्रा.लि.** (दर्ता नं३२३४६७, स्थायी लेखा नं ६१९८०९५९१ ठेगाना काम.नं१३) को मिति २०८३/०४/२६ मा बसेको साधारण सभाले कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी खारेज गर्ने निर्णय गरेकोले कम्पनी रजिष्ट्रारको कार्यालयमा खारेजीको लागि निवेदन दिन लागिएको छ । यस कम्पनीसँग कुनै दावी वा आपत्ति भएका व्यक्ति वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन**भित्र प्रमाणसहित लिखित रूपमा सम्पर्क गर्नुहुन अनुरोध छ । उक्त अवधिपछि प्राप्त दावी वा आपत्ति मान्य हुने छैन ।

अशोक श्रेष्ठ (सञ्चालक), सम्पर्क: ९८४१८३०७०२
मितिः २०८३/०६/२९

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७५/०५/२२ मा दर्ता भएको **प्रा.लि.नं. १५८१२५** को **गोकर्ण रुफ टप होटल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०८/०३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७६/०४/१२ मा दर्ता भएको **प्रा.लि.नं. २१५७०२** को **पुरी कम्प्लेक्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०८/०३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०८३/१२/२२ मा दर्ता भएको यस **गोल्डेन ओक कन्स्ट्रक्सन प्राइभेट लिमिटेड** (प्रा.लि.नं. १६६५९९) कम्पनी यस कार्यालयको मिति २०८३/०८/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६३/१०/२६ मा दर्ता भएको प्रा.लि.नं. ४४०७२ को **डल्फिन कम्युनिकेशन प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०८/०३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०८२/०४/०५ मा दर्ता भएको प्रा.लि.नं. ३७००६० को **सि. ए.न होटल प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०८/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०५७/०५/२० मा दर्ता भएको प्रा.लि.नं. १३७९३ को **आवास अभियान जरूरी सुचना तथा संचार केन्द्र प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०८/०३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०५२/०४/३० मा दर्ता भएको **प्रा.लि.नं. १०३२७१** को **टेक्स यार्न रिसाईक्लिङ्ग मिल्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०८/०३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

विशेष दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना

यस कार्यालयमा मिति २०६८।१२।१६ मा दर्ता भएको प्रा.लि.नं. ९१९७१ को **मेट्रिक्स सिमेन्ट ब्रिक एण्ड टाइल प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयमा मिति २०८२/१२/०९ गतेको निर्णय अनुसार कम्पनी ऐन १३६ क' बमोजिम **विशेष दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८३/०८/०४ गते

यस कम्पनीको मिति २०८३/०६/०६ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **ईन्नोदय सप्लायर्स प्रा.लि.**को नाम परिवर्तन गरी **ईन्नोदय मिडिया प्रा.लि.(दर्ता नम्बर २१३८५१)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०६/१२ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै सावीकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७७/०४/१२ मा दर्ता भएको प्रा.लि.नं. २३९००२ को **गेर्खु कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०८/०३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८३/०८/०४ गते

यस कम्पनीको मिति २०८३/०६/१६ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **होटल रिभरसाइड स्ट्रिट प्रा.लि.**को नाम परिवर्तन गरी **ठिमुरा फार्महाउस प्रा.लि.(दर्ता नम्बर ३५८४१२)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०७/१८ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै सावीकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

काठमाडौं महानगरपालिका वडा नं. १४ कलंकीमा रहेको घरधनी ज्ञान बहादुर धौबन्जारको सटर खाली गर्ने सम्बन्धी ३५ दिने सुचना ।

यस का.म.न.पा. वडा न.. १४ म निवेदक ज्ञान बहादुर धौबन्जारको घरमा सटर भाडा मा लिई कामलिका सुनचाँदी पसल संचालन गर्ने धादिङ्ग घर भएका बलराम सुनार २०८० कार्तिक देखी सटर बहाल रकम नदिई सटर बन्द गरी ताला लगाई बसेको हुनाले फोनबाट संम्पर्क गर्दा बहाल रकम दिने आश्वासन दिदै आएकोमा २०८३ जेष्ठ महिनादेखी संम्पर्क बिहिन भएकोले संम्पर्कमा आई ३५ दिन भित्र सटर खाली गरिदिनुहुन यो सुचना प्रकाशित गरिएको छ । अन्यथा नियमानुसार सटर खोलीने जानकारी गराइन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयको मिति २०६१/०३/११ मा दर्ता भएको **प्रा. लि. नं. २८५५०** को **डब्लु डब्लु डब्लु डट नेपाल कोरिया डट कम प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०८/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कागजपत्रहरू हराएको सूचना

मिति २०८३/०७/१३ गते भैसेपाटीदेखी जावलाखेलसम्म जाने क्रममा मेरो निम्न विवरण भएको कागजपत्रहरू हराएको हुदाँ पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

SEE reg no. 7532205006
Symbol no. 0325291E
Equivalent in science/ pre-requisite curriculum examination
Reg no. CTVB81006
Symbol no. 14800006
Certificate in dental science
Reg no . DH-00170-019
Symbol no.20100041
Citizenship : 72-01-76-02112
Issued date: 2076-06-29
PCL dental hygiene license :
Reg no: B-2173 DH
Date issue : 30-01-2024

नाम : अमिसा टमाटा
ठेगाना : भैसेपाटी, ललितपुर
सम्पर्क नं.: ५८४४१५३८८०

आजको राशिफल



ज्यो. गुरू अनन्त
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शुक्रबार, ०४ मंसिर, २०८३

मेष रोकिएका काम अघि बढ्नेछन् । नयाँ अवसर प्राप्त हुन सक्छ, तर खर्चमा ध्यान दिनुहोला ।

वृष आर्थिक पक्ष सबल बन्नेछ । परिवारमा सुखद वातावरण रहनेछ र मानसम्मान बढ्नेछ ।

मिथुन नयाँ कामको योजना बन्नेछ । साथीभाइबाट सहयोग मिल्नेछ भने यात्राको अवसर आउन सक्छ ।

कर्कट काममा उत्साह बढ्नेछ । पारिवारिक सम्बन्धमा सुधार आउनेछ र आर्थिक लाभको सम्भावना छ ।

सिंह जिम्मेवारी बढे पनि काममा सफलता मिल्नेछ । बोली र व्यवहारमा संयम अपनाउनुहोला ।

कन्या नयाँ अवसर प्राप्त हुनेछन् । रोकिएका काम पूरा हुनेछन् र व्यापार व्यवसायमा सुधार आउनेछ ।

तुला आम्दानीका नयाँ स्रोत भेटिन सक्छन अनावश्यक विवादबाट टाढा रहनुहोला।

वृश्चिक आत्मविश्वास बढ्नेछ । कार्यक्षेत्रमा प्रशंसा पाइनेछ र महत्वपूर्ण निर्णय लिन सकिनेछ ।

धनु सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ व्यक्तिसँगको भेटघाट फलदायी बन्न सक्छ ।

मकर मेहनतअनुसार सफलता मिल्नेछ । आर्थिक कारोबार गर्दा सोचविचार गरेर अघि बढ्नुहोला ।

कुम्भ नयाँ योजना सफल हुने संकेत छ । दाम्पत्य तथा पारिवारिक सम्बन्धमा आत्मीयता बढ्नेछ ।

मीन दिन उत्साहपूर्ण रहनेछ । अध्ययन, व्यापार तथा रोजगारीका क्षेत्रमा परिणाम प्राप्त हुन सक्छ ।

प्रहरी तथा एम्बुलेन्स

प्रहरी कन्ट्रोल क प्रहरी	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७९०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६९९९
परोपकार एम्बुलेन्स सेवा	४२६०८५९
विशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५
बाल हेल्पलाइन नेपाल	१०९८
बालवालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६

H अस्पताल र विविध

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४९३६८४
नेपाल आँखा अस्पताल	४२५०६९१
मध्यपुर अस्पताल, भक्तपुर	०१-६६३१६५८
तिलगंगा आँखा अस्पताल	४४९३६८४
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५२६
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडिकेयर नेसनल अस्पताल	४४६७०६७
मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स)	४४६७०६७
फ्रेन्डस अफ शान्ता भवन	४४७०१८१
नेपाल अर्थोपेडिक अस्पताल	४४९३७२५
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल	४४७६१५२
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी	४९११००८
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज	४३७०१३६
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११९५७/८५८
ओम हस्पिटल एण्ड रिसर्च सेन्टर	४४७६२२५
नर्भिक, थापाथली	४२५८५५४
सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२२/४३७१३७४
लाइफ केयर अस्पताल	४२२७७३५
मितेरी अस्पताल	६६३१७३६२६६३४०१६
क्यापिटल हस्पिटल (प्रा.) लि.	४२४४०२२
श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शवबाहन (पूर्व काठमाडौं)	४४९८०३५
निःशुल्क होमियो दातव्य चिकित्सालयरशवबाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस	४२५५५४०/४२५५५४१
एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर	६६१२२६६
मानसिक अस्पताल	४३६३४५२/४३६०८८९
ह्याम्स अस्पताल, बुद्धनगर	४४८०१७०
ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि.	४७८४८४०/४७८५१५७
गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट	४३५४५३७/४३८१९६२
मनमोहन मेमोरियल अस्पताल, लैनचौर	४२५८५५२/४२५८५५१
भरोसा अस्पताल प्रा.लि., बानेश्वर	४४११६०५/४४२०८२३
	४४७४९६८/४४८९८९१

शववाहन र विविध

सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी	०१ ६९१२९१४४
जनमैत्री हस्पिटल, बालाजु	४३६६३०१-०५
विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु	४३८३९५२/४३८०८४८
नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आइघाट सेवा कन्द्र	४४९२९९९
देव कर्नर निःशुल्क शववाहन सेवा	४४३४०९३
नेपाल मिटर टचाक्सी संघ	४२२४३७४

नेपाल राष्ट्र बैंक

०४ मंसिर, २०८३ (२० नोभेम्बर २०२६)

मुद्रा	एकाइ	खरिद दर	बिक्री दर
भारतीय रुपैयाँ	१००	१६०.००	१६०.१५
अमेरिकी डलर	१	१४९.२१	१४९.८१
युरो	१	१६३.७५	१६४.४१
पाउन्ड स्टर्लिङ	१	१९६.५३	१९७.३२
स्विस फ्रैन्क	१	१७७.२२	१७७.९३
अस्ट्रेलियन डलर	१	१००.४०	१००.८०
क्यानाडियन डलर	१	१०४.२२	१०४.६४
सिङ्गापुर डलर	१	११५.७१	११६.१८
जापानी येन	१०	९.३७	९.४१
चिनियाँ युआन	१	२२.३९	२२.४८
साउदी अरब रियाल	१	३९.७७	३९.९३
कतारी रियाल	१	४०.९४	४१.१०
थाई भाट	१	४.३९	४.४१
संयुक्त अरब इमिरेट दिराम	१	४०.६३	४०.७९
मलेसियन रिङ्गेट	१	३६.२५	३६.४०
दक्षिण कोरियन वन	१००	११.२०	११.२५
स्विडिस क्रोनर	१	१४.७०	१४.७६
डेनिस क्रोनर	१	२१.९१	२२.००
हङकङ डलर	१	१९.०२	१९.०९
कुवेती दिनार	१	४८३.०४	४८४.९८
बहराइन दिनार	१	३९५.५२	३९७.११

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

‘नयाँ पुस्ताको कूटनीति राष्ट्रिय हित र रणनीतिक क्षमतामा आधारित हुनुपर्छ’

■ प्रभाव संवाददाता



काठमाडौं– परराष्ट्रमन्त्री शिशिर खनालले बदलिँदो विश्व परिवेशमा नेपालको राष्ट्रिय हितको संरक्षण र प्रभावकारी अन्तर्राष्ट्रिय प्रतिनिधित्वका लागि नयाँ पुस्ताका कूटनीतिज्ञमा आलोचनात्मक सोच, अनुकूलनशीलता, सहकार्य र निरन्तर सिक्ने क्षमता विकास गर्नुपर्ने बताएका छन् ।

परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान (आइएफए)द्वारा बिहीबार यहाँ आयोजित ‘विश्वव्यापी प्रवृत्ति, स्थानीय दिशा: नेपालको भावी पुस्ताको कूटनीति’ विषयक सेमिनारको उद्घाटन समारोहमा उनले प्रभावकारी कूटनीतिको सुरुआत आफ्नो देश, समाज, संस्कृति, सबल पक्ष र सीमिततालाई गहिर ोसँग बुझ्नबाट हुने बताए ।

परराष्ट्रमन्त्री खनालले भने, ‘आफू, आफ्नो समुदाय र आफ्नो देशलाई राम्ररी नबुझीकन विश्वसामु मुलुकको प्रभावकारी प्रतिनिधित्व गर्न सकिँदैन ।’ नेपाल प्राचीन सभ्यताको संगमस्थल भएको उल्लेख गर्दै उनले नेपालको सांस्कृतिक, प्राकृतिक तथा दार्शनिक पहिचानलाई अन्तर्राष्ट्रिय मञ्चमा आत्मविश्वासका साथ प्रस्तुत गर्नुपर्नेमा जोड दिए ।

हिमाल, पहाड र तराईका समुदाय, किसान, उद्यमी, युवा तथा श्रमिकका आकांक्षा र अपेक्षालाई बुझ्नसक्ने कूटनीतिज्ञ आवश्यक रहेको मन्त्री खनालको भनाइ छ । उनले प्रमाणमा आधारित विश्लेषण र समस्या समाधान गर्ने आलोचनात्मक सोच, संकटअनुसार तत्काल अनुकूल हुनसक्ने क्षमता, विभिन्न संस्कृति र समुदायका सरोकार बुझ्ने सहानुभूति, विभिन्न क्षेत्र र संस्थाबीच सहकार्य गर्नसक्ने क्षमता तथा जीवनभर सिकिरहने स्वाध्याय कूटनीतिका लागि आवश्यक रहेको उल्लेख गरे ।

तीव्र गतिमा परिवर्तन भइरहेको विश्वमा नयाँ ज्ञान र सीप हासिल गर्न नसक्ने व्यक्ति तथा संस्था पछाडि पर्ने उल्लेख गर्दै मन्त्री खनालले अंग्रेजी, चिनियाँ र अरबीजस्ता विश्व भाषासँगै नयाँ विषय र विधामा दक्षता हासिल गर्न युवा कूटनीतिज्ञलाई आग्रह गरे ।

भगवद्गीताको ‘कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन’ भन्ने सन्देश उल्लेख गर्दै परराष्ट्रमन्त्री खनालले कूटनीति र राष्ट्र निर्माणमा आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्नुपर्ने बताए । युवा कूटनीतिज्ञ, अनुसन्धानकर्ता तथा पेसाकर्मीलाई सरकार, अनुसन्धान र पैरवीका विभिन्न क्षेत्रमा रहेर पनि नेपालको कूटनीतिक समुदायको अभिन्न अंगका रूपमा सक्रिय योगदान गर्न उनले आह्वान गरे ।

कार्यक्रममा परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानकी कार्यकारी निर्देशक रोजिना ताम्राकारले अन्तर्राष्ट्रिय सम्बन्धमा प्रविधि, जलवायु परिवर्तन, आर्थिक अन्तरनिर्भरता, आप्रवासन, ऊर्जा रूपान्तरण तथा बदलिँदो भू-राजनीतिक समीकरणले नयाँ चुनौती र अवसर सिर्जना गरेको बताइन् ।

उनले विश्वव्यापी परिवर्तनलाई समयमै बुझेर नेपालको राष्ट्रिय हित र परराष्ट्र नीतिको प्राथमिकतासँग जोड्न युवा कूटनीतिज्ञ, अनुसन्धानकर्ता तथा नीतिनिर्माताको क्षमता अभिवृद्धि आवश्यक रहेको बताइन् । उनका अनुसार कूटनीति अब राज्य र परम्परागत कूटनीतिक संस्थामामात्र सीमित नरही व्यक्ति, संस्था, सञ्जाल तथा गैरराज्य पक्षको भूमिकासमेत महत्त्वपूर्ण बन्दै गएको छ । बिहीबार दिनभर सञ्चालन हुने सेमिनारमा प्रविधि, डिजिटल रूपान्तरण र कूटनीतिको भविष्य, जलवायु, ऊर्जा र बदलिँदो विश्व व्यवस्थामा नेपालको स्थान तथा आप्रवासन, आवागमन र नेपालको विश्वव्यापी सहभागिताबारे विषयगत सत्रमा समूहगत छलफल गरिने छ ।

प्रतिष्ठानले विश्वविद्यालयका विद्यार्थी, युवा कूटनीतिज्ञ, सरकारी कर्मचारी, अनुसन्धानकर्ता तथा युवा पेसाकर्मीबीच विचार आदानप्रदान र नीतिगत संवादको अवसर सिर्जना गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरेको जनाएको छ । कार्यक्रममा निर्वाचन आयोग नेपालका निर्वाचन आयुक्त राजीव सुब्बा, परराष्ट्र मन्त्रालयका वरिष्ठ अधिकारी, कूटनीतिक नियोगका प्रतिनिधि, अनुसन्धानकर्ता, प्राज्ञिक क्षेत्रका व्यक्तित्व तथा युवा पेसाकर्मीको सहभागिता थियो ।

विपद्को पूर्वसूचना दिने ‘सेल ब्रोडकास्टिङ’ प्रणाली परीक्षण गरिँदै

काठमाडौं (प्रस)– विपद्का समयमा नागरिकलाई मोबाइल फोनमार्फत तत्काल पूर्वसूचना उपलब्ध गराउने उद्देश्यले ‘सेल ब्रोडकास्टिङ प्रणाली’ (सिबिएस)को परीक्षण गरिने भएको छ ।

सूचना तथा सञ्चार मन्त्रालय, गृह मन्त्रालय, नेपाल दूरसञ्चार प्राधिकरण, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र नेपाल टेलिकमको समन्वयमा मंसिर ४ गते काठमाडौंको बलम्बु क्षेत्रमा उक्त प्रणालीको सीमित प्राविधिक परीक्षण गर्न लागिएको दूरसञ्चार प्राधिकरणका प्रवक्ता मीनप्रसाद अर्यालले जानकारी दिए ।

परीक्षणका क्रममा तोकिएको क्षेत्रमा रहेका परीक्षण उपकरणहरूमा मोबाइल नेटवर्कमार्फत पूर्वसूचना सन्देश पठाइने छ । उक्त सन्देश परीक्षणका लागि तोकिएका मोबाइल उपकरणमामात्र प्राप्त हुने जनाइएको छ । यस परीक्षणको मुख्य उद्देश्य विपद्का समयमा मोबाइल फोनमार्फत पूर्वसूचना सन्देश प्रवाह गर्ने प्रणालीको प्राविधिक कार्यक्षमता तथा सन्देश प्राप्त हुने अवस्थाको परीक्षण गर्नु रहेको छ ।

सेल ब्रोडकास्टिङ प्रणाली निश्चित भौगोलिक क्षेत्रभित्र रहेका मोबाइल फोनमा एकैपटक आपत्कालीन सूचना तथा चेतावनी सन्देश पठाउन सकिने प्रविधि हो । यस प्रणालीमार्फत सिमकार्ड वा इन्टरनेट सेवा नभए पनि मोबाइल नेटवर्कको पहुँचमा रहेका उपकरणमा सन्देश प्राप्त हुनसक्छ ।

सामान्य म्यासेजभन्दा फरक यस प्रविधिले नेटवर्कमा अत्यधिक चाप भएका अवस्थामासमेत छोटो समयमा धेरै मोबाइल उपकरणमा सूचना पुऱ्याउन सक्छ । साथै, विपद्को जोखिम रहेको निश्चित क्षेत्रमामात्र सन्देश पठाउन सकिने भएकाले आवश्यकताअनुसार लक्षित समुदायलाई सचेत गराउन सकिने छ ।

प्रारम्भिक परीक्षण सफल भएमा उक्त प्रणालीलाई चरणबद्ध रूपमा विस्तार गर्दै विपद्को उच्च जोखिम रहेका क्षेत्रहरूमा कार्यान्वयन गर्ने योजना रहेको छ । यस प्रणालीको कार्यान्वयनले बाढी, पहिरोलगायत प्राकृतिक विपद्को जोखिम रहेका क्षेत्रका नागरिकलाई समयमै सचेत गराउन तथा सम्भावित जोखिमबाट जोगिन आवश्यक पूर्वतयारी र सुरक्षात्मक उपाय अपनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

नेपालमा विपद् पूर्वसूचना प्रणालीलाई थप प्रभावकारी बनाउने तथा दूरसञ्चार प्रविधिको उपयोगमार्फत नागरिकको सुरक्षा सुनिश्चित गर्ने दिशामा यो परीक्षणलाई महत्त्वपूर्ण कदमका रूपमा लिइएको छ ।

नक्कली शैक्षिक प्रमाणपत्र पेस गर्नेमाथि आरोपपत्र दायर

काठमाडौं (प्रस)– अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नक्कली शैक्षिक योग्यता पेस गरेको भन्दै राष्ट्रिय अनुसन्धान विभागमा कार्यरत प्रमुख अनुसन्धान अधिकृत रामबाबुप्रसाद चौधरीविरुद्ध बिहीबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको छ ।

आयोगले अनुसन्धान अधिकृत चौधरीले सेवामा रहँदा बढुवा तथा पदस्थापनको प्रयोजनका लागि भारतको विहार इन्टरमिडिएट एजुकेसन काउन्सिलबाट जारी भएको देखिने प्रवीणता प्रमाणपत्र तह (आइए) को लब्धांकपत्र, अस्थायी प्रमाणपत्र (प्रोभिजनल), कलेज छोडेको पत्र (कलेज लिभिङ), चारित्रिक तथा माइग्रेसन (स्थानान्तरण प्रमाणपत्र) लगायत नक्कली प्रमाणपत्र पेस गरेको भन्दै आरोपपत्र दायर गरेको हो ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार ती नक्कली प्रमाणपत्रका आधारमा रात्रपत्रांकित द्वितीय श्रेणी (प्रमुख अनुसन्धान अधिकृत) पदसम्म बढुवा भई राष्ट्रसेवकको ओहोदा, लाभ र सुविधा प्राप्त गरेको भन्दै आरोपपत्र दायर गरेको बताए ।

चौधरीलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०७९ को दफाको दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको आयोगले जनाएको छ ।

कोप-३३ सम्म जलवायु लक्ष्य कार्यान्वयनमा तीव्रता दिन आग्रह

काठमाडौं– संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी महासन्धि (युएनएफसिसिसी) का कार्यकारी सचिव साइमन स्टिलले जलवायु परिवर्तनसम्बन्धी विश्वव्यापी लक्ष्य कार्यान्वयनका लागि आगामी दुई वर्ष निर्णायक हुने बताएका छन् ।

कोप-३१ अन्तर्गत बुधबार दोस्रो विश्वव्यापी जलवायु समीक्षा (ग्लोबल स्टकटक) प्रक्रिया शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्दै उनले कोप-३३ सम्म महत्त्वाकांक्षी नतिजा हासिल गर्न राजनीतिक सहमति, अन्तर राष्ट्रिय सहयोग र व्यावहारिक कार्यान्वयनमा जोड दिएको युएनएफसिसिसीको सचिवालयले जनाएको छ ।

उनले पहिलो विश्वव्यापी समीक्षामा सहमति भएका लक्ष्य कार्यान्वयनलाई तीव्रता दिन, वैज्ञानिक प्रमाण तथा तथ्यांक संकलन गर्न र सबै सरोकारवालाको सहभागिता सुनिश्चित गर्नुपर्ने बताए । पहिलो विश्वव्यापी समीक्षाका निष्कर्षलाई ९० प्रतिशत पक्ष राष्ट्रले आफ्ना राष्ट्रिय जलवायु योजनामा समावेश गरिसकेको उल्लेख गर्दै उनले अब प्रतिबद्धतालाई व्यवहारमा उतार्नुपर्नेमा जोड दिए ।

पहिलो समीक्षामा सन् २०३० सम्म विश्वव्यापी नवीकरणीय ऊर्जा क्षमता तीन गुणा बढाउने, ऊर्जा दक्षता दोब्बर बनाउने तथा जीवाश्म इन्धनबाट न्यायोचित, व्यवस्थित र समतामूलकरूपमा बाहिरिने सहमति भएको उनले स्मरण गराए ।

त्यसैगरी, जलवायु अनुकूलनका योजना कार्यान्वयन गर्ने तथा जलवायु वित्त, प्रविधि हस्तान्तरण र क्षमता विकासका लागि सहयोग विस्तार गर्नुपर्ने उनको भनाइ थियो । दोस्रो विश्वव्यापी समीक्षा प्रभावकारी बनाउन जलवायु विज्ञानका साथै आर्थिक, सामाजिक र विकाससम्बन्धी प्रमाणलाई आधार बनाउनुपर्ने उल्लेख गर्दै उनले लगानी तथा प्रविधिको अवस्था र निजी क्षेत्र, आदिवासी जनजाति, स्थानीय समुदाय तथा नागरिक समाजका अनुभव समेट्नुपर्ने बताए ।

उनले पक्ष राष्ट्र र गैरपक्ष राष्ट्र सबैको सहभागितामा समीक्षा प्रक्रियालाई समावेशी र विश्वव्यापी बनाउन आग्रह गरेको सचिवालयले जनाएको छ । अहिले सुरु भएको सूचना तथा तथ्यांक संकलनको गुणस्तरले आगामी वर्ष हुने मूल्यांकनको प्रभावकारिता निर्धारण गर्ने उनले बताए । ‘भूराजनीतिक चुनौती गम्भीर छन्, तर महत्त्वाकांक्षी नतिजा हासिल गर्न सम्भव छ,’ उनले भने । *रासस*

अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **G.K. Group Pvt. Ltd.** कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

सि.नं.	मालबस्तुको विवरण	आकार/प्रकार	ब्राण्ड	मोडल	क्षमता	उत्पादिको मुलुक राष्ट्र	ईकाई	ईकाई प्रति मूल्य	प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP)	कैफियत
1	RANGEHOOD CHIMNEY	N/A	SMART	SM82-26Y01	N/A	CHINA	PCS	8,100.00	13,000.00	
2	RANGEHOOD CHIMNEY	N/A	SMART	SM82-26Y02	N/A	CHINA	PCS	8,600.00	14,000.00	
3	RANGEHOOD CHIMNEY	N/A	SMART	SM82-26Y03	N/A	CHINA	PCS	8,950.00	15,000.00	

बिक्रेताको फर्मको नाम: **G.K. Group Pvt. Ltd.** स्थायी लेखा नं: **601889022**
ठेगाना: **Pepsikola-32, Kathmandu, Nepal** फोन नं: **9715150102**

अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनक

यस **Panchasorna Group Pvt. Ltd.** कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

सि.नं.	मालबस्तुको विवरण	आकार/प्रकार	ब्राण्ड	मोडल	क्षमता	उत्पादिको मुलुक राष्ट्र	ईकाई	ईकाई प्रति मूल्य	प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP)	कैफियत
1	RANGEHOOD CHIMNEY	N/A	PANCH FRESH	PS82-26Y01	N/A	CHINA	PCS	8,100.00	13,000.00	
2	RANGEHOOD CHIMNEY	N/A	PANCH FRESH	PS82-26Y02	N/A	CHINA	PCS	8,600.00	14,000.00	
3	RANGEHOOD CHIMNEY	N/A	PANCH FRESH	PS82-26Y03	N/A	CHINA	PCS	8,950.00	15,000.00	

बिक्रेताको फर्मको नाम: **Panchasorna Group Pvt. Ltd.** स्थायी लेखा नं: **606749170**
ठेगाना: **Pepsikola-32, Kathmandu, Nepal** फोन नं: **9801171012**

अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **S.K Energy Traders** कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

सि.नं.	मालबस्तुको विवरण	आकार/प्रकार	ब्राण्ड	मोडल	क्षमता	उत्पादिको मुलुक राष्ट्र	ईकाई	ईकाई प्रति मूल्य	प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP)	कैफियत
1	RANGEHOOD CHIMNEY	N/A	S.K ENERGY	138	N/A	CHINA	PCS	6,450.00	11,000.00	
2	RANGEHOOD CHIMNEY	N/A	S.K ENERGY	148	N/A	CHINA	PCS	7,150.00	12,000.00	
3	RANGEHOOD CHIMNEY	N/A	S.K ENERGY	1836	N/A	CHINA	PCS	7,750.00	13,500.00	
4	RANGEHOOD CHIMNEY	N/A	S.K ENERGY	1830	N/A	CHINA	PCS	7,750.00	13,500.00	
5	RANGEHOOD CHIMNEY	N/A	S.K ENERGY	68	N/A	CHINA	PCS	10,200.00	17,000.00	

बिक्रेताको फर्मको नाम: **S.K Energy Traders** स्थायी लेखा नं: **302252282**
ठेगाना: **Ramhiti, Boudda, Kathmandu, Nepal** फोन नं: **9851040703**

साउदीमा रोजगार कम्पनी : **NAJM ABDULLAH ABAHUSSAIN TRADING ESTABLISHMENT**

पूर्व स्वीकृति मिति : २०८७/०५/२४ पुन विज्ञापन स्वीकृति मिति : २०८७/०८/०३ LT. No. 346966 चलानी नं. ६०२६०२७

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	मासिक तलब: SR	मासिक तलब: ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Pickup Truck Driver	1	0	1400	५५,७६०	क.वि. अनुसार	८ घण्टा	६ दिन	क.वि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १३ गते (29th Nov. 2026) मा हुनेछ ।

रहदानमा अरिबे वि मेडिकल खर्च गरेको भरे र फर्की आउने	रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने	रहदानमा अरिबे बिमा खर्च गरेको व्यहोरा र फर्की लाग्ने	रोजगारमा बिमा हुने/नहुने र गरेको व्यहोरा	हवाई टिकट गरेको दिने र फर्की लाग्ने	भिषा शुल्क गरेको दिने र फर्की लाग्ने	सामाजिक सुरक्षा कोष गरेको दिने र फर्की लाग्ने (बसाससपछा)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था	सेवा शुल्क	अनिवार्यीकरण शुल्क फर्की लाग्ने र गरेको व्यहोरा	भिषा रद्दीष्ठ शुल्क गरेको व्यहोरा
कामदार आफै	दिने	कामदार आफैले	हुने रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २,२९८ - कामदारले तिर्ने	रु ९,४००/- कामदार आफैले	रु ३००/- कामदार आफैले	रोजगारदाता कम्पनीले	

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नामका बिमा प्रपत्र भई जाने निश्चित भरपर्दो मात्र कम्पनीमै गई रक्षम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु थाहमा राखुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सकिने हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रक्षम कमैलाई नपठाउनुहोला । ४) विदेश जानुअघि अनिवार्यरूपमा वा इण्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तोहचासमा सम्पर्क राख्नुहोला ।

Synnet International Pvt. Ltd. Licence No.: 206/077/078

SYNNET INTERNATIONAL PVT.LTD.
Jagaran Marga, Maharajgunj, Kathmandu, Nepal, Tel: 014544000, Mob: 9841591817
E-mail : info@synnetinternational.com, Web: synnetinternational.com

ISO 9001: 2008 Certified Company | Certified No. 70902

युएइमा रोजगार कम्पनी : **FOCUS POWER SECURITY SERVICES LLC**

पूर्व स्वीकृति मिति : २०८७/०५/२८ पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०८/०३ LT. No. 337009 चलानी नं. ६०२५०५५८

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	मासिक तलब: AED	मासिक तलब: ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Tile Layer	1	0	1500	६१,०२७	Yes	12hrs	६ दिन	30 days	छ		२ वर्ष
2.	Life Guards	0	2	1200	४८,८२१							

कम्पनी : **AL JABER SECURITY COMPANY L.L.C.**

पूर्व स्वीकृति मिति : २०८३/०५/०८ पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०८/०३ LT. No.346847 चलानी नं. ६०२६००२७

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	मासिक तलब: AED	मासिक तलब: ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Security Guard-dps	65	10	1200	४८,८२१	No OT	12hrs	६ दिन	30 days	छ		२ वर्ष
2.	Security Guard (Psbd)	65	15	2000	८१,३६८							
3.	(Factory/general) Worker	20	0	1200	४८,८२१							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर ११ गते (27th Nov. 2026) मा हुनेछ ।

रहदानमा अरिबे वि मेडिकल खर्च गरेको भरे र फर्की आउने	रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने	रहदानमा अरिबे बिमा खर्च गरेको व्यहोरा र फर्की लाग्ने	रोजगारमा बिमा हुने/नहुने र गरेको व्यहोरा	हवाई टिकट गरेको दिने र फर्की लाग्ने	भिषा शुल्क गरेको दिने र फर्की लाग्ने	सामाजिक सुरक्षा कोष गरेको दिने र फर्की लाग्ने (बसाससपछा)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था	सेवा शुल्क	अनिवार्यीकरण शुल्क फर्की लाग्ने र गरेको व्यहोरा	भिषा रद्दीष्ठ शुल्क गरेको व्यहोरा
कामदार आफै	दिने	कामदार आफैले	हुने रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २,९९८ - कामदारले तिर्ने	रु ९,४००/- कामदार आफैले	नि:शुल्क	रु ३००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नामका बिमा प्रपत्र भई जाने निश्चित भरपर्दो मात्र कम्पनीमै गई रक्षम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु थाहमा राखुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सकिने हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रक्षम कमैलाई नपठाउनुहोला । ४) विदेश जानुअघि अनिवार्यरूपमा वा इण्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तोहचासमा सम्पर्क राख्नुहोला ।

Permission No. 1676/080/081

INTERPID RECRUITMENT SERVICES PVT. LTD
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Contact Person : 9851405196, 9802368141, Mail: info@interpidhr.com, Web: www.interpidhr.com

संस्थापक शेयर बिक्री सम्बन्धी सूचना (संशोधित)

(सूचना प्रकाशित मिति : २०८३/०८/०४ गते)

यस नेको इन्सुरेन्स लिमिटेडका संस्थापक शेयरधनीले शेयर बिक्री गर्ने इच्छा जाहेर गरि कम्पनीमा निवेदन दिनु भएकोमा सञ्चालक समितिको मिति २०८३ असोज २८ गते सम्पन्न बैठकबाट रू.१००/ अंकित दरका कुल **१०,००० (दश हजार मात्र)** कित्ता शेयर बिक्री गर्न प्रक्रिया अबलम्बन गरी संस्थापक शेयरधनीहरूलाई शेयर खरिद गर्नको लागि मिति २०८३/०६/२९ गते सौर्य दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गरिएकोमा कुनै पनि संस्थापक शेयरधनी महानुभावहरूबाट शेयर खरिदको लागि निवेदन प्राप्त नभएकोले प्रचलित कानुन बमोजिम माथि उल्लेखित शेयर कित्ता अन्य व्यक्ति वा संस्थाहरूलाई बिक्री गर्नको लागि यो **७ दिने** सूचना प्रकाशित गरिएको छ । न्यूनतम प्रति कित्ता शेयर मूल्य **रु २३५** हुनुपर्छ साथै **१०००ं (एक हजार)** कित्ता भन्दा कमको निवेदन दिन पाइनेछैन । संस्थापक शेयर खरिदको लागि नेपाल बीमा प्राधिकरणबाट जारी भएको बीमकको संस्थापक शेयर खरिद बिक्री निर्देशिका, २०७७ बमोजिम योग्य हुनुपर्नेछ । यस सम्बन्धी विस्तृत जानकारीको लागि कम्पनीको केन्द्रिय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

सम्पर्क ठेगाना
Beema Bhawan, Gyaneshwor, Kathmandu
Phone No. 01-4542263, 01-4531462
Email :info@neco.com.np Web: http://neco.com.np

नेको इन्सुरेन्स लि. NECO INSURANCE LTD. MAKE A VISIBLE DIFFERENCE

राष्ट्रिय सहकारी नियमन प्राधिकरण ईजाजतपत्र नं.: २०५०-०१५३३ | दर्ता नं. ५३-०५०/०५१

ॐउपकार वचत तथा ऋण सहकारी संस्था लि.
Om Upakar Saving & Credit Co-operative Ltd.
का.म.न.पा ३१, नयाँ बानेश्वर काठमाडौं, फोन नं. ०१-५८१५०७१

उनन्तीसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

श्री शेयरधनी महानुभावहरू,

यस संस्थाको मिति २०८३ मंसिर ०३ गते बिहीवार बसेको सञ्चालक समितिको ३१४औं बैठकको निर्णय अनुसार संस्थाको उनन्तीसौं वार्षिक साधारण सभा देहाय बमोजिमको मिति, स्थान र समयमा हुने भएकोले सम्पूर्ण शेयरधनी सदस्य महानुभावहरूलाई उपस्थितका लागि हार्दिक अनुरोध गर्दछौं ।

साधारण सभा हुने मिति, समय र स्थान

मिति :- २०८३ पुस १८ गते शनिबार
स्थान :- आनन्द इभेन्टस् पार्टी प्यालेस, कात्यायणी चोक भिमसेनगोला काठमाडौं ।
समय :- बिहान ८:३० बजे

छलफलका बिषयहरू

१) सञ्चालक समितिको तर्फबाट आ.ब. ०८२/०८३ को वार्षिक प्रतिवेदन संस्थाको अध्यक्षबाट प्रस्तुत ।
२) लेखा समितिको आ.ब. ०८२/०८३ को प्रतिवेदन सम्बन्धमा ।
३) आ. ब. ०८२/०८३ को लेखा परीक्षकको प्रतिवेदन तथा नाफा नोक्सान हिसाव र वासलात पारित गर्ने सम्बन्धमा ।
४) आ. ब. ०८३/०८४ को लागि लेखापरीक्षण गर्न लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
५) यस संस्थाको आ.ब. ०८३/०८४ को बार्षिक कार्यक्रम तथा अनुमानित बजेट स्वीकृत गर्ने सम्बन्धमा।
६) संस्थाको सञ्चालक समितिको सिफारिस अनुसार आ.ब. ०८२/०८३ को नाफाबाट शेयरधनीहरूलाई लाभांश बाँड्न स्वीकृति दिने सम्बन्धमा ।
७) यस संस्थाको आ.ब ०८२/०८३ मा सञ्चालक समिति, लेखा समिति, ऋण उप समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
८) संस्थाको सञ्चालक समिति, लेखा समिति र अन्य समितिका सदस्य तथा कार्यकारी सञ्चालकलाई प्रदान गरिएको तलव, भत्ता अनुमोदन तथा आगामी आ.ब.को लागि स्वीकृति गर्ने सम्बन्धमा ।
९) संरक्षित पुजिँ फिर्ता कोषको रकम शेयर सदस्यहरूलाई बाँडफाँड गर्ने सम्बन्धमा।
१०) संस्थाको मासिक वचत नीति २०८३ सम्बन्धमा ।
११) संस्थाको कर्मचारी प्रशासन नियमावली २०६६ को संशोधन सम्बन्धमा ।
१२) साधारण सभाको निर्णय पुस्तिकामा शेयरधनी सदस्यको तर्फबाट दस्तखत गर्न आठ जना सदस्यहरुका मनोनयन सम्बन्धमा ।
१३) विविध ।

सञ्चालक समितिको आज्ञाले
डा. मधुसुदन लामिछाने
सचिव

विश्वरूप वचत तथा ऋण सहकारी लि.
का.म.न.पा-७, चावहिल, काठमाडौं, फोन नं.०१-४५८३५५६

१८औं वार्षिक साधारण सभामा उपस्थित हुने बारे ।

प्रकाशित मिति : २०८३/०८/०४

उपरोक्त सम्बन्धमा यस विश्वरूप बचत तथा ऋण सहकारी संस्था लि.को मिति २०८३ मंसिर १ गते बसेको संचालक समितिको **१६५औं** बैठकको निर्णय अनुसार तपसिलमा उल्लेखित मिति, स्थान र समयमा देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल गरि निर्णय गर्न यस संस्थाको **१८औं** वार्षिक साधारणसभा आयोजना गरिएको हुँदा उक्त कार्यक्रममा यहाँको अनिवार्य उपस्थितीको लागि अनुरोध गर्दछौं ।

छलफल तथा निर्णयार्थ प्रस्तावित विषयहरू :

क) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक वर्ष ०८२/८३ को वार्षिक प्रतिवेदन तथा आगामी आ.व. ०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम, लक्ष्य र बजेट तर्जुमा सम्बन्धमा ।
ख) आ.व. ०८२/८३ को लेखा परिक्षण प्रतिवेदन प्रस्तुत गर्ने सम्बन्धमा ।
ग) आ.व. ०८२/८३ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गर्ने सम्बन्धमा ।
घ) आ.व. ०८३/८४ को लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
ङ) आ.व. ०८२/८३ मा संचालक सम

प्रभाव दैनिक
National Daily

सम्पादकीय

भारतसँगको सम्झौतामा 'अर्जुनदृष्टि' नीतिको खाँचो

प्रधानमन्त्री वालेन्द्र शाह बालेन भारतको दुई दिने राजकीय भ्रमणमा जाँदैछन् । राष्ट्रिय स्वतन्त्र पार्टीको सरकार बनेपछि प्रधानमन्त्री शाहले पहिलोपटक भारत भ्रमण गर्न लागेका हुन् । यसअघिका सरकारका प्रधानमन्त्री बन्नसाथ भारतको पाहुना बन्न दिल्ली पुग्ने चलनलाई बालेनले तोडेका छन् ।

गत चैत पहिलो दोस्रो साता प्रधानमन्त्री बनेका बालेन झन्डै ८ महिनापछिमात्र भारतको भ्रमणमा जान लागेका हुन् । उनको भारत भ्रमणको चाँजोपाँजो मिलाउन नयाँ दिल्लीले निकै खतिरदारी गरिसकेको छ । अब बालेनको भारत भ्रमणको मुख्य मुद्दा के बन्छ, यो रोचक विषय बन्नेछ नै । भारत नेपालको अभिन्न मित्रराष्ट्र हो । रोजगार होस् या व्यापार, नेपाललाई अतिआवश्यक हुने ग्यासदेखि चामलसम्म भारतकै भर पर्नु पर्छ नेपाललाई । जमिनमामात्र हैन आकाशमासमेत भारतले नेपाललाई 'एअरलक' लगाएको अवस्था छ ।

यस्तो अवस्थामा सरकारले यसपटक हवाई रुट खुलाउनेदेखि त्रिशुली–भोटेकोशी बाढीका पुननिर्माणका लागि सहयोग माग्ने विषयलाई मुख्य मुद्दा बनाउने चर्चा छ । सरकार प्रमुखहरूको भारत भ्रमणमा प्रबुद्ध व्यक्ति समूह (इपिजी) को प्रतिवेदनबारे पनि चर्चा हुनेगर्छ । तर यी विषय भने कहिले पनि प्राथमिकतामा पर्दैनन् । इपिजी प्रतिवेदनमा नेपाल–भारतको खुला सीमालाई नियमन गर्नुपर्ने सुझाव समेटिएको छ । भारतले बंगलदेशसँगको सीमामा नियमन व्यवस्थित पारेको छ । तर नेपालको सीमा व्यवस्थापनमा भारतले खासै चासो दिएको देखिँदैन ।

प्रधानमन्त्री बालेनको भ्रमणमा यो विषयले पनि पक्कै चर्चा पाउने छ । नेपालमा हुने अपराधिक घटना, राजश्व छली, सम्पत्ति शुद्धीकरणका विषय, अवैध रूपमा विभिन्न वस्तुहरूको आयात, चोरीतस्करीका घटना खुला सीमाकै कारण भइरहेको छ । यसकै कारण नेपाल सम्पत्ति शुद्धीकरणको विषयमा कहिल्यै पनि उभो लाग्न सकेको छैन । त्यसैले पनि सीमा व्यवस्थापन अहिलेको प्रमुख मुद्दा बन्नुपर्छ । यो बाहेक हवाई रुट खुलाउनु पनि नेपालको अर्को मुद्दा हो । यसले नेपालमा सञ्चालनमा आएको भैरहवा विमानस्थल र पोखरा विमानस्थलसमेत भाइब्रेन्ट हुनेछ ।

बरु ऋण लिने विषयमा नेपाल सरकारले कम चासो दिनुपर्छ । रसुवा – नुवाकोटमा बाढीबाट भएको क्षतिको पुननिर्माणका लागि सरकारले आफ्नै बलबुतामा काम गर्न सक्नुपर्छ । पीडितका लागि भन्दै ऋण थपेर देशलाई थप भार बोकाउने काम सरकारले गर्नहुन्न । यसअघिका प्रधानमन्त्रीहरूको भ्रमण हेर्ने हो भने सरकारलाई चुनाव गराउनदेखि विभिन्न लोभ बलिया छिमेकीले देखाउन सक्छ । जसका कारण दीर्घाकालीन रूपमा उठ्नै नसक्ने गरी देशलाई घाटा पर्न सक्छ । यसैले बालेनले भार तसँग दुई पक्षीय सम्झौता गर्दा अर्जुनदृष्टि नीति अपनाइयोस् ।

श्रम सरोकार

साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

अज्ञात फोन कल वा मेसेजबाट सचेत रहने

कुनै प्रकारको प्रलोभन देखाइ, चिह्रा परेको भनी वा बैंक तथा सरकारी कार्यालयको कर्मचारी हो भनी कसैले तपाईंको ओटिपीलगायतका व्यक्तिगत विवरण मागेमा नदिने ।

मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्तावन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

आफ्नो व्यक्तिगत जानकारी र कागजातहरू सुरक्षित राख्ने

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

अब्शेर खाताको जानकारी सुरक्षित राख्ने

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने । प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने । उनीहरूले तपाईंको जानकारी दुरूपयोग गर्न वा ठगीका लागि प्रयोग गर्न सक्छन् ।

अनलाइन किनमेल वा वित्तीय कारोबार गर्दा सावधानी अपनाउने

आधिकारिक वेबसाइटहरू वा एप्सबाट मात्र बिलको रकम तिर्ने । आफ्नो डेबिट/क्रेडिट कार्डको विवरण वा अन्य संवेदनशील जानकारी अनधिकृत वा शंकास्पद वेबसाइटहरूमा नबाँड्ने ।

प्रधानमन्त्रीको भारत भ्रमण: अपेक्षा, अवसर र चुनौती



■ आरपी गैरे

> नेपाल र भारतबीचको सम्बन्ध समय, परिस्थिति र राजनीतिक नेतृत्व परिवर्तनसँगै नयाँ चरणमा प्रवेश गर्दै आएको छ । अबको आवश्यकता विगतका असमझदारीलाई दोहोऱ्याउनु होइन, तिनबाट पाठ सिकेर भविष्यको साझेदारी निर्माण गर्नु हो । प्रधानमन्त्री शाहको भारत भ्रमणले नेपालका विकास आवश्यकता र भारतको क्षेत्रीय सहकार्यको सोचलाई जोड्न सके दुवै देशका लागि सकारात्मक परिणाम प्राप्त हुन सक्छ । मित्रता, विश्वास, समानता र साझा समृद्धिको आधारमा अघि बढ्ने हो भने नेपाल-भारत सम्बन्ध ऐतिहासिक निकटतामा सीमित रहने छैन, बरू आधुनिक विकास, आर्थिक अवसर र नागरिकको जीवनस्तर सुधारको बलियो माध्यम बन्ने छ ।

प्रधानमन्त्री वालेन्द्र शाह मंसिर ६ गतेदेखि भारतको दुईदिने औपचारिक भ्रमणमा निस्कैदै हुनुहुन्छ । नेपाल र भारतबीचको ऐतिहासिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने अपेक्षा गरिएको यो भ्रमण सामान्य कूटनीतिक कार्यक्रम मात्र होइन, नेपालको आगामी विकास यात्रा र छिमेकीसँगको सम्बन्धको दिशा निर्धारण गर्ने महत्त्वपूर्ण अवसर पनि हो । लामो समयदेखि नेपाल-भारत सम्बन्धमा देखिएका विश्वासका प्रश्न, आर्थिक निर्भरता, पूर्वाधार विकास, व्यापार असन्तुलन, पारवहन, सीमा विवाद तथा जलस्रोतको उपयोगजस्ता विषय अझै पूर्णरूपमा समाधान हुन सकेका छैनन् । त्यसैले प्रधानमन्त्री शाहको भ्रमणले औपचारिक भेटघाट र सद्भावका अभिव्यक्तिभन्दा माथि उठेर ठोस परिणाम दिन सक्नुपर्छ भन्ने आम अपेक्षा छ ।

नेपाल र भारतबीचको सम्बन्धलाई दुई देशका सरकारबीचको राजनीतिक सम्बन्धका रूपमा बुझ्नु पर्याप्त हुँदैन । यी दुई देशबीचको सम्बन्ध भूगोलले जोडेकोमात्र होइन, इतिहास, सभ्यता, संस्कृति, धर्म, भाषा, पारिवारिक सम्बन्ध र जनस्तरको आत्मीयताले पनि गहिरो बनाएको छ । सीमावर्ती क्षेत्रमा बसोबास गर्ने नागरिकको दैनिक जीवनदेखि व्यापार, रोजगारी, शिक्षा, स्वास्थ्य उपचार, धार्मिक यात्रा र सामाजिक सम्बन्धसम्म भारतसँग नेपालको निकटता प्रत्यक्ष रूपमा जोडिएको छ ।

यही विशेषताले नेपाल-भारत सम्बन्धलाई अन्य मुलुकसँगको सम्बन्धभन्दा फरक बनाएको छ । तर निकटता र ऐतिहासिक सम्बन्धको चर्चा गरिरहँदा बदलिँदो समयअनुसार सम्बन्धलाई थप व्यवस्थित, सम्मानजनक र परिणाममुखी बनाउनु पनि उत्तिकै आवश्यक छ । मित्रता भावनामा टिकेर दीर्घकालीन हुन सक्दैन, त्यसका लागि समान सम्मान, पारस्परिक विश्वास, राष्ट्रिय हितको स्वीकार्यता र व्यवहारमा देखिने सहकार्य अनिवार्य हुन्छ ।

प्रधानमन्त्री शाहको भारत भ्रमणले नेपाललले छिमेकी सम्बन्धलाई उच्च प्राथमिकतामा राखेको सन्देश दिने छ । प्रधानमन्त्रीको पहिलो द्विपक्षीय विदेश भ्रमण भारतबाट हुनु आफैंमा महत्त्वपूर्ण कूटनीतिक संकेत हो । यसले नेपाल भारतसँगको सम्बन्धलाई बेवास्ता गर्न चाहँदैन, बरु समयानुकूल सुधार गर्दै आर्थिक विकास, पूर्वाधार निर्माण र क्षेत्रीय सहकार्यका नयाँ सम्भावना खोज्न चाहन्छ भन्ने देखाउँछ । यद्यपि, नेपालले आफ्नो राष्ट्रिय हितलाई केन्द्रमा राखेर कूटनीतिक संवाद अगाडि बढाउनु आवश्यक छ । भारतसँगको सम्बन्ध सुमधुर बनाउने नाममा नेपालको आवश्यकता र प्राथमिकता कमजोर हुनु हुँदैन, त्यस्तै राष्ट्रिय स्वाभिमानको नाममा सहकार्यका सम्भावित ढोका बन्द गर्ने प्रवृत्ति पनि उचित होइन । परिपक्व कूटनीति भनेको आफ्नो हित स्पष्ट राख्दै अर्को पक्षको हित र संवेदनशीलतालाई पनि सम्मान गर्ने क्षमता हो ।

आर्थिक सहयोगभन्दा विकास साझेदारी महत्वपूर्ण

प्रधानमन्त्री शाहको भ्रमणका क्रममा नेपाललले भारतसमक्ष दुई खर्ब भारतीय रूपैयाँबराबरको आर्थिक सहयोग प्याकेज प्रस्ताव गरेको विषयले विकास र आर्थिक सहकार्यको बहसलाई थप महत्त्व दिएको छ । प्रस्तावित प्याकेजमा एक खर्ब सहुलियतपूर्ण ऋण र एक खर्ब अनुदान माग गरिएको बताइएको छ । गत भदौको बाढीबाट क्षतिग्रस्त रसुवा-भोटेकोशी क्षेत्रको पुनर्निर्माण तथा बुटवल-पोखरा द्रुतमार्ग निर्माणमा यस्तो सहयोग उपयोग गर्ने नेपालको योजना रहेको छ । नेपालको भौतिक पूर्वाधार विकास, प्राकृतिक विपत्तिबाट प्रभावित क्षेत्रको पुनर्निर्माण, सडक सञ्जाल विस्तार र आर्थिक गतिविधि बढाउन ठूलो लगानी आवश्यक पर्ने अवस्थामा भार तसँगको सहयोग प्रस्तावलाई स्वाभाविकरूपमा लिन सकिन्छ ।

नेपालको विकास आवश्यकता ठूलो छ, तर स्रोत सीमित छन् । विकासका लागि आन्तरिक राजस्व, निजी क्षेत्रको लगानी, वैदेशिक लगानी, अनुदान र सहुलियतपूर्ण ऋण सबैको समन्वय आवश्यक हुन्छ । यस्तो अवस्थामा भारतजस्तो विशाल अर्थतन्त्र र नेपालको निकट छिमेकीसँग विकास साझेदारी विस्तार गर्नु नेपालको हितमा हुन सक्छ । तर सहयोग प्राप्त गर्नुमात्रै उपलब्धि होइन । प्राप्त सहयोग कुन क्षेत्रमा प्रयोग हुन्छ, परियोजना कति प्रभावकारी हुन्छ, त्यसबाट कति रोजगारी सिर्जना हुन्छ, स्थानीय अर्थतन्त्रमा कस्तो प्रभाव पर्छ र भविष्यमा देशले त्यसबाट कति लाभ लिन सक्छ भन्ने विषय पनि महत्त्वपूर्ण हुन्छ ।

नेपालले विगतमा विभिन्न मुलुक र निकायबाट सहयोग प्राप्त गर्दै आएको छ । तर, कतिपय आयोजना समयमै सम्पन्न नहुने, लागत बढ्दै जाने, कार्यान्वयनमा ढिलाइ हुने र अपेक्षित प्रतिफल प्राप्त नहुने समस्या पनि देखिँदै आएका छन् । त्यसैले भारतसँग सहयोग मार्गदा परियोजनाको प्राथमिकता, सम्भाव्यता अध्ययन, कार्यान्वयनको समयसीमा, अनुगमन र जवाफदेहितालाई स्पष्ट पार्नुपर्छ । ऋणको भार बढाउनेभन्दा अनुदान र सहुलियतपूर्ण ऋणको सन्तुलित उपयोग गर्नुपर्छ । विकास परियोजना राजनीतिक प्रचारको माध्यम नभई जनताको जीवनस्तर सुधार गर्ने साधन बन्नुपर्छ । भारतले पनि नेपालको विकास आवश्यकतालाई सहयोगको विषयका रूपमा नभई दुवै देशको आर्थिक हित जोडिएको साझेदारीका रूपमा हेर्न सके सम्बन्ध अझ बलियो हुने छ ।

नेपालले बाढीपहिरो तथा अन्य प्राकृतिक विपत्तिबाट प्रभावित क्षेत्रमा पुनर्निर्माणलाई प्राथमिकता दिनु स्वाभाविक हो । रसुवा-भोटेकोशी क्षेत्रमा क्षतिग्रस्त सडक, पुल, बस्ती र अन्य पूर्वाधार पुनर्निर्माण गर्न पर्याप्त स्रोत आवश्यक छ । विपत्तिपछि पुनर्निर्माण भौतिक संरचना निर्माणमा सीमित हुनु हुँदैन । जोखिम न्यूनीकरण, सुरक्षित बस्ती विकास, वातावरणीय संरक्षण, विपद् पूर्वसूचना प्रणाली र भविष्यमा हुन सक्ने क्षति न्यूनीकरण गर्ने योजनासमेत समेटिनुपर्छ । भारतसँगको सहयोग यस्तो दीर्घकालीन योजनामा जोडिन सके त्यसले नेपालको पुनर्निर्माण अभियानलाई वास्तविक अर्थमा सहयोग पुऱ्याउने छ ।

हवाई र सडक सम्पर्क विस्तारले आर्थिक सम्भावनाको ढोका खोल्नुपर्छ

नेपालको आर्थिक विकासमा पूर्वाधार र कनेक्टिभिटी सबैभन्दा महत्त्वपूर्ण आधार हुन् । सडक, हवाई मार्ग, रेलमार्ग, ऊर्जा प्रसारण र व्यापारिक नाकाहरू व्यवस्थित हुन नसके देशले आफ्नो भौगोलिक अवस्थाबाट पर्याप्त आर्थिक लाभ लिन सक्दैन । नेपाल भूपरिवेष्ठित मुलुक भएकाले अन्तर्राष्ट्रिय व्यापार, पर्यटन र पारवहनका लागि छिमेकीसँगको सम्पर्क विस्तार अपरिहार्य छ । भारतसँगको सम्बन्धमा हवाई मार्ग र सडक पूर्वाधारको विषय नेपालको दीर्घकालीन आर्थिक हितसँग प्रत्यक्ष जोडिएको छ ।

भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएपछि नेपालले अन्तर्राष्ट्रिय हवाई सम्पर्क विस्तार गर्ने अपेक्षा गरेको थियो । तर, यी विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालन, यात्रु संख्या वृद्धि र पर्यटन प्रवर्द्धनका लागि विभिन्न चुनौती कायम छन् । विशेषगरी भारतीय हवाई क्षेत्रबाट सहज प्रवेशमार्ग उपलब्ध हुन सके यी विमानस्थलको उपयोगिता बढ्ने छ । हवाई प्रवेश मार्गको विस्तारले विदेशी पर्यटकको आगमन सहज बनाउने, उडान दूरी र समय घटाउने तथा विमानस्थललाई व्यावसायिकरूपमा सक्षम बनाउने सम्भावना रहन्छ । यसले नेपालको पर्यटन उद्योग, होटल व्यवसाय, ट्राभल कम्पनी, स्थानीय उत्पादन र रोजगारीमासमेत सकारात्मक प्रभाव पार्न सक्छ ।

नेपालको पर्यटन सम्भावना हिमाल र पदयात्रामा सीमित छैन । धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, प्राकृतिक सम्पदा, साहसिक पर्यटन र स्वास्थ्य पर्यटनका क्षेत्रमा पनि नेपालले ठूलो सम्भावना बोकेको छ । लुम्बिनी, पोखरा, मुक्तिनाथ, पशुपतिनाथ, जनकपुर, सगरमाथा क्षेत्रलगायतका गन्तव्यमा भारतीय पर्यटकको सहज पहुँच बढाउन हवाई र सडक सम्पर्क महत्त्वपूर्ण हुन्छ । त्यसैले हवाई प्रवेश मार्गको विषयलाई विमानस्थल सञ्चालनको प्राविधिक मुद्दा होइन, नेपालको पर्यटन अर्थतन्त्रसँग जोडिएको राष्ट्रिय प्राथमिकताका रूपमा अघि बढाउनुपर्छ । भारतले नेपालको यो आवश्यकतालाई सकारात्मकरूपमा सम्बोधन गर्न सके दुई देशबीचको आर्थिक सम्बन्ध अझ व्यावहारिक र परिणाममुखी बन्ने छ ।

त्यस्तै, सडक पूर्वाधारको विकासमा पनि नेपालले पुरानो सोचभन्दा आधुनिक आवश्यकतालाई प्राथमिकता दिनुपर्छ । सन् २०२२ मा भारतीय सहयोगमा निर्मित सुनौली-पोखरा सिद्धार्थ राजमार्गको स्तरोन्नति महत्त्वपूर्ण भए पनि आजको यातायात, व्यापार र पर्यटनको आवश्यकतासँग अझ आधुनिक, सुरक्षित र द्रुत सडक सञ्जाल मागिरहेको छ । पोखरालाई भारतीय सीमा क्षेत्रसँग जोड्ने द्रुतमार्ग निर्माणको अवधारणा आर्थिक दृष्टिले महत्त्वपूर्ण हुन सक्छ । यस्तो सडकले पर्यटक आवागमन, व्यापारिक वस्तुको ढुवानी, कृषि उत्पादनको बजार पहुँच र क्षेत्रीय आर्थिक गतिविधिलाई गति दिन सक्छ । तर, परियोजनाको सम्भाव्यता, वातावरणीय प्रभाव, लागत, वित्तीय स्रोत र दीर्घकालीन प्रतिफलको मूल्यांकन गरेरमात्र अघि बढ्नुपर्छ । भारतसँगको सहकार्यमा यस्ता पूर्वाधार परियोजना अगाडि बढाउन सके नेपालको आर्थिक विकासमा नयाँ आधार तयार हुने छ ।

जलस्रोत, सीमा समस्या र विगतका सहमति कार्यान्वयन

नेपाल र भारतबीच सहकार्यको अर्को महत्त्वपूर्ण क्षेत्र जलस्रोत हो । नेपाल जलविद्युत् उत्पादनका लागि पर्याप्त प्राकृतिक सम्भावना भएको मुलुक हो । भारत ठूलो ऊर्जा बजार भएको देश हो । यी दुई पक्षबीचको पूरक सम्बन्धलाई प्रभावकारीरूपमा उपयोग गर्न सके नेपालले विद्युत् उत्पादन, निर्यात, राजस्व, रोजगारी र औद्योगिक विकासमा उल्लेखनीय लाभ लिन सक्छ । तर, जलस्रोतसम्बन्धी आयोजना केवल सम्झौता र घोषणामा सीमित हुनु हुँदैन । आयोजना निर्माण, लगानीको सुनिश्चितता, विद्युत् खरिद, प्रसारणलाइन, बजार पहुँच र लाभको न्यायोचित बाँडफाँट स्पष्ट हुनुपर्छ ।

पञ्चेश्वर बहुउद्देश्यीय आयोजनालाई नेपाल-भारत सहकार्यको महत्त्वपूर्ण परियोजनाका रूपमा लामो समयदेखि चर्चा गरिँदै आएको छ । यस आयोजनाले विद्युत् उत्पादन, सिँचाइ, बाढी नियन्त्रण र क्षेत्रीय आर्थिक विकासमा योगदान दिन सक्ने अपेक्षा छ । तर, वर्षौंदेखि विभिन्न प्रक्रियागत तथा प्राविधिक विषयमा सहमति जुट्न नसक्दा आयोजना अघि बढ्न सकेको छैन । यस्ता ठूला आयोजनामा दुवै देशको राजनीतिक इच्छाशक्ति, प्राविधिक तयारी र आपसी विश्वास आवश्यक हुन्छ । प्रधानमन्त्री शाहको भ्रमणमा जलस्रोतसम्बन्धी पुराना सहमतिलाई पुनः समीक्षा गर्दै कार्यान्वयनको स्पष्ट बाटो तय गर्न सके त्यो महत्त्वपूर्ण उपलब्धि हुने छ ।

नेपाल-भारत सम्बन्धमा सीमा विवाद पनि संवेदनशील विषय हो । सीमा समस्या कुनै पनि दुई देशबीचको सम्बन्धमा स्वाभाविक रूपमा जटिल हुन सक्छ, तर त्यसलाई संवाद, प्रमाण, ऐतिहासिक दस्तावेज र कूटनीतिक संयन्त्रमार्फत समाधान गर्नु आवश्यक हुन्छ । सीमा विवादलाई राजनीतिक नारामा सीमित राख्ने वा समयसँगै थन्क्याउँदै जाने प्रवृत्तिले समस्या समाधान गर्दैन । दुवै देशले एकअर्काको सार्वभौमिकता र भौगोलिक अखण्डतालाई सम्मान गर्दै विवादित विषयमा निष्पक्ष तथा परिणाममुखी संवाद गर्नुपर्छ । प्रधानमन्त्रीको भ्रमणले सीमा व्यवस्थापन, विवाद समाधान र द्विपक्षीय संयन्त्रलाई सक्रिय बनाउने वातावरण तयार गर्न सके त्यसले सम्बन्धमा सकारात्मक प्रभाव पार्ने छ ।

नेपालले भारतसँग नयाँ सम्झौता गर्ने होइन, विगतमा भएका सहमति कार्यान्वयनको विषयलाई पनि प्राथमिकतामा राख्नुपर्छ । व्यापार, पारवहन, ऊर्जा, पूर्वाधार, सुरक्षा, पर्यटन र आर्थिक सहकार्यका क्षेत्रमा भएका सम्झौता कति कार्यान्वयन भए, कहाँ समस्या छन् र तिनलाई कसरी समाधान गर्न सकिन्छ भन्ने विषयमा स्पष्ट समीक्षा आवश्यक छ । नयाँ सहमति थप्दै जाने तर पुराना प्रतिबद्धता कार्यान्वयन नहुने अवस्था रहिरहेको भने त्यसले जनस्तरमा निराशा पैदा गर्छ । कूटनीतिक सफलता कागजमा हस्ताक्षर गरेर होइन, त्यसको परिणाम नागरिकको जीवनमा देखिएपछि मात्र स्थापित हुन्छ ।

परिणाममुखी कूटनीति नै भ्रमणको वास्तविक सफलता

प्रधानमन्त्री वालेन्द्र शाहको भारत भ्रमणलाई नेपालले नयाँ सम्भावना खोज्ने अवसरका रूपमा उपयोग गर्नुपर्छ । नेपालले भारतसँग आर्थिक सहयोग, पूर्वाधार निर्माण, हवाई मार्ग, सडक सम्पर्क, जलविद्युत्, व्यापार, पारवहन र सीमा व्यवस्थापनजस्ता विषयमा आफ्ना प्राथमिकता स्पष्टरूपमा प्रस्तुत गर्नुपर्छ । तर, भ्रमणलाई सहयोग माग्ने वा अपेक्षा राख्ने कार्यक्रमका रूपमा सीमित गर्नु उचित हुँदैन । नेपालसँग पनि भारतका लागि महत्त्वपूर्ण सम्भावना छन् । जलविद्युत्, पर्यटन, प्राकृतिक स्रोत, बजार, क्षेत्रीय सम्पर्क र सांस्कृतिक सम्बन्धमार्फत नेपालले भारतसँग साझा आर्थिक हित निर्माण गर्न सक्छ । दुई देशबीचको सहकार्य एकपक्षीय निर्भरता नभई दुवै पक्षलाई लाभ हुने साझेदारीमा आधारित हुनुपर्छ ।

नेपालले आफ्नो राष्ट्रिय हितका विषयमा स्पष्ट धारणा राख्दै भारतसँग खुला र विश्वासपूर्ण संवाद गर्न सक्नुपर्छ । कूटनीति भनेको न त झुक्नु हो, न अनावश्यक टकराव सिर्जना गर्नु । कूटनीति आफ्नो हित सुरक्षित गर्दै पारस्परिक सम्मानका आधारमा सहकार्यको बाटो खोज्ने माध्यम हो । नेपालले आफ्नो विकासको प्राथमिकता, परियोजनाको आवश्यकता र अपेक्षित उपलब्धि स्पष्ट राख्न सके भार तसँगको सम्बन्धलाई थप व्यवस्थित बनाउन सकिन्छ । भारतले पनि नेपाललाई समान सम्मान र संवेदनशीलताका साथ व्यवहार गर्दै विकास साझेदारका रूपमा अघि बढाउन सके दुवै देशको सम्बन्ध नयाँ स्तरमा पुग्न सक्छ ।

प्रधानमन्त्री शाहको भ्रमणपछि नेपालमा धेरै अपेक्षा जन्मिने छन् । ती अपेक्षालाई सम्बोधन गर्न सरकारले भ्रमणमा भएका सहमति र उपलब्धिबारे पारदर्शीरूपमा जानकारी दिनुपर्छ । कुन परियोजना अघि बढ्ने, त्यसको स्रोत के हो, कार्यान्वयन कहिले सुरु हुन्छ, कति समय लाग्छ र जिम्मेवार निकाय कुन हो भन्ने विषय नागरिकले थाहा पाउनुपर्छ । भ्रमणपछि कार्यान्वयनको अनुगमन गर्ने संयन्त्र निर्माण गर्नु पनि आवश्यक छ । अन्यथा, उच्चस्तरीय भ्रमणहरू उत्साहपूर्ण समाचार र राजनीतिक प्रचारमा सीमित हुने छन्, तर जनताले अपेक्षित लाभ प्राप्त गर्न सक्ने छैनन् ।

नेपाल र भारतबीचको सम्बन्ध समय, परिस्थिति र राजनीतिक नेतृत्व परिवर्तनसँगै नयाँ चरणमा प्रवेश गर्दै आएको छ । अबको आवश्यकता विगतका असमझदारीलाई दोहोऱ्याउनु होइन, तिनबाट पाठ सिकेर भविष्यको साझेदारी निर्माण गर्नु हो । प्रधानमन्त्री शाहको भारत भ्रमणले नेपालका विकास आवश्यकता र भारतको क्षेत्रीय सहकार्यको सोचलाई जोड्न सके दुवै देशका लागि सकारात्मक परिणाम प्राप्त हुन सक्छ । मित्रता, विश्वास, समानता र साझा समृद्धिको आधारमा अघि बढ्ने हो भने नेपाल-भारत सम्बन्ध ऐतिहासिक निकटतामा सीमित रहने छैन, बरु आधुनिक विकास, आर्थिक अवसर र नागरिकको जीवनस्तर सुधारको बलियो माध्यम बन्ने छ । यही नै प्रधानमन्त्रीको भारत भ्रमणको वास्तविक सफलता र नेपालको अपेक्षित कूटनीतिक उपलब्धि हुने छ ।

(गैरे लेखक तथा पत्रकार हुन्)



कात्तिक नाच | ललितपुरको पाटनमा सञ्चालन भइरहेको ऐतिहासिक तथा सांस्कृतिक महत्त्वको कात्तिक नाचअन्तर्गत छैटौं दिन बुधबार राति भएको बाथः प्याखँ (च्वले खुदाँ दाँ खुदाँ) मा तीन जना बाठा कथा प्रस्तुत गरिँदै । *तस्विरः रासस*

महिला सशक्तीकरणका लागि एनआरएनएको प्रथम विश्व महिला सम्मेलन हुने



■ प्रभाव संवाददाता

काठमाडौं– गैरआवासीय नेपाली संघ (एनआरएनए) ले आगामी पुस २० गते काठमाडौंमा प्रथम गैरआवासीय नेपाली विश्व महिला सम्मेलन आयोजना गर्ने भएको छ । सन् २००३ मा स्थापना भएको एनआरएनएको दुई दशकभन्दा लामो इतिहासमा महिला नेतृत्व, उद्यमशीलता तथा आर्थिक सशक्तीकरणलाई केन्द्रमा राखेर विश्वस्तरीय सम्मेलन आयोजना गर्न लागिएको यो पहिलोपटक हो ।

एनआरएनएकी महिला उपाध्यक्ष टीका गुरुङले 'महिला सशक्तीकरणको आधार: रोजगारी, उद्यम र व्यापार' भन्ने मूल नाराका साथ नेपाल सरकारसँगको सहकार्यमा सम्मेलन आयोजना गर्न लागिएको जानकारी दिइन् ।

'विश्वका ९० देशमा रहेका गैरआवासीय नेपाली महिला तथा स्वदेशका विभिन्न क्षेत्रमा क्रियाशील महिलालाई एउटै मञ्चमा जोडेर अनुभव, ज्ञान र सीप आदानप्रदान गर्ने सम्मेलनको मुख्य उद्देश्य हो,' उनले भनिन्, 'साथै, महिला सशक्तीकरणका क्षेत्रमा विद्यमान नीतिगत, कानुनी तथा व्यावहारिक चुनौती पहिचान गरी समाधानका लागि आवश्यक पहल र कार्यदिशा तय गरिने छ ।'

गुरुङका अनुसार सम्मेलनमा महिला सशक्तीकरणसँग प्रत्यक्ष सरोकार राख्ने चार प्रमुख विषयगत क्षेत्रमा केन्द्रित रहेर छलफल, कार्यपत्र प्रस्तुति तथा अन्तरक्रिया सञ्चालन गरिने छ । महिला सशक्तीकरणसँग सम्बन्धित विद्यमान ऐन, निर्देशिका, नीति तथा संस्थागत संरचनाको समीक्षा गरी सुधारका सम्भावित क्षेत्र पहिचान गरिने छ । विशेषगरी डायस्पोरामा रहेका नेपाली महिलाका अधिकार, अवसर तथा आवश्यक कानुनी सुधारका विषयलाई प्राथमिकता दिइने छ ।

त्यसैगरी, वैदेशिक रोजगारीमा जानुअघिको तयारी, गन्तव्य मुलुकमा महिलाको सुरक्षा, अधिकार तथा मानसिक स्वास्थ्य र स्वदेश फर्किएपछि सम्मानजनक पुनःएकीकरणका विषयमा छलफल हुने छ । यस प्रक्रियामा एनआरएनएको भूमिका र आवश्यक सहकार्यका क्षेत्रसमेत पहिचान गरिने उनले बताइन् ।

'स्वदेश तथा विदेशमा रहेका नेपाली महिला उद्यमीबीच व्यावसायिक साझेदारी र सहकार्य विस्तार, वित्तीय स्रोत तथा प्रविधिमा पहुँच अभिवृद्धि र महिला उद्यमशीलताको विकासका विषय पनि सम्मेलनको प्राथमिकतामा रहने छन्,' गुरुङले भनिन्, 'नेपाली मौलिक उत्पादनको उत्पादन, प्रवर्द्धन, बजारीकरण तथा अन्तर्राष्ट्रिय निर्यातमा महिलाको सहभागिता विस्तार गर्ने सम्भावनाबारेसमेत विमर्श गरिने छ ।'

उनका अनुसार रसुवा-भोटेकोशी क्षेत्रमा आएको बाढीलगायत प्राकृतिक विपद् तथा जलवायु परिवर्तनले महिला र बालबालिकामा पारेका प्रभाव, जलवायु न्याय तथा विपद् व्यवस्थापनमा महिलाको भूमिकाबारे पनि छलफल गरिने छ । लैंगिक हिंसा तथा मानव बेचबिखनविरुद्ध महिला र बालबालिकाको सुरक्षा एवं संरक्षणका विषयलाई समेत प्राथमिकता दिइने छ ।

महिला सशक्तीकरणबिना राष्ट्रको दिगो तथा समावेशी समृद्धि सम्भव नहुने मान्यताका साथ आयोजना हुन लागेको सम्मेलनले स्वदेश तथा विदेशका विभिन्न क्षेत्रमा सफलता हासिल गरेका नेपाली महिलाका प्रेरणादायी अनुभव र सफलताका कथालाई उजागर गर्ने अपेक्षा गरिएको छ ।

त्यसैगरी, नेपालका सातै प्रदेश तथा स्थानीय तहमा क्रियाशील महिला उद्यमीलाई पुँजी, सीप, प्रविधि र बजारसँग जोड्ने सेतुका रूपमा सम्मेलनले भूमिका निर्वाह गर्ने विश्वास आयोजकले लिएको छ ।

सम्मेलनलाई सफल र प्रभावकारी बनाउन नेपाल सरकारका सम्बन्धित निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था, निजी क्षेत्र, महिला उद्यमी, विज्ञ, सञ्चारकर्मी तथा सम्पूर्ण सरोकारवालालाई सक्रिय सहभागिता, सहयोग र सहकार्यका लागि एनआरएनएले आग्रह गरेको छ ।

कर्णालीलाई गरिबीको भाष्यबाट मुक्त गर्नुपर्नेमा मुख्यमन्त्रीको जोड



सुर्खेत– कर्णालीलाई विकटता, गरिबी र अभावको परिचयबाट मुक्त गरी सम्भावनायुक्त प्रदेशका रूपमा विकास गर्नुपर्नेमा मुख्यमन्त्री मंगलबहादुर शाहीले जोड दिएका छन् ।

सुर्खेतको वीरेन्द्रनगरमा बिहीबार लेखकद्वय डा. दीपेन्द्र रोकाया र मोहनदास मानन्धरद्वारा लिखित 'कर्नाली उपेक्षा र उज्यालो' पुस्तक विमर्श कार्यक्रममा उनले जलस्रोत, खानी, कृषि, पर्यटन र जडीबुटीमा रहेको सम्भावनाको उपयोग गर्न सके कर्णालीबाटै समृद्धिको आधार तयार गर्न सकिने बताए ।

कर्णालीलाई अशिक्षा, अभाव र गरिबीको पर्यायका रूपमा चित्रित गर्ने दृष्टिकोण बदल्नुपर्ने उल्लेख गर्दै उनले प्रदेशको विकासका लागि राज्यले पूर्वाधार निर्माणलाई प्राथमिकता दिनुपर्ने बताए । विगतको तुलनामा कर्णाली धेरै अघि बढिसकेको उल्लेख गर्दै उनले प्रदेशलाई सधैं विकटता र विपन्नताको दृष्टिलेमात्र हेर्न नहुने धारणा राखे ।

मुख्यमन्त्री शाहीले आफूले सरकारको नेतृत्व सम्हालेपछि छोटो अवधिमै प्रदेशसभामा विभिन्न कानुन निर्माणका लागि विधेयक प्रस्तुत गरिएको र तथ्यांक सुधारका काम अघि बढाइएको जानकारी दिए ।

कर्णाली प्रदेश योजना आयोगका उपाध्यक्ष डा. भीमबहादुर खत्रीले पुस्तकमा कर्णालीको इतिहास, भोगाइ, संघर्ष र व्यवस्था परिवर्तनमा प्रदेशले गरेको योगदान समेटिएको बताए । कर्णालीको विकासको उपयुक्त मोडेलबारे पनि पुस्तकमा चर्चा भएको भए अझ उपयोगी हुने उनको भनाइ थियो ।

लेखक डा. रोकायाले पुस्तकमा कर्णालीमाथिको उपेक्षा, विकासको खोजी, समृद्धिका सूचक, संघीयताका उपलब्धि र समसामयिक बहसका विषय समेटिएको जानकारी दिए । उनले हुम्लाबाट एकै दिन सडकमार्ग हुँदै सुर्खेत र संघीय राजधानी काठमाडौं पुग्न सकिने सडक सञ्जाल निर्माण गर्नुपर्नेमा जोड दिए । हिमाली क्षेत्रको पर्यापर्यटन प्रवर्द्धनका लागि सडक निर्माण आवश्यक रहेको उनले बताए ।

अर्का लेखक मानन्धरले कर्णालीको जलविद्युत् विकाससँग आफ्नो सम्बन्ध जोडिएको उल्लेख गर्दै तिला लगायतका आयोजनामा आफूले काम गरिरहेको जानकारी दिए । कर्णालीमा सम्भावनाका ढोका खुल्दै गएको भन्दै उनले तिनको उपयोगका लागि प्रदेश सरकारले अग्रसरता लिनुपर्ने बताए ।

पुस्तकमा विगतको कर्णालीको अवस्था र भविष्यको विकास मार्गबारे विश्लेषण गरिएको छ । कार्यक्रममा पूर्वमन्त्री रनसिंह परियार, मध्यपश्चिम विश्वविद्यालयका रजिस्ट्रार प्रा.डा. सुदीप ठकुरी तथा नागरिक अगुवा पिताम्बर ढकाललगायतको सहभागिता थियो । *रासस*

लुम्बिनीका १० जिल्ला कुष्ठरोगको जोखिममा

बाँके– लुम्बिनी प्रदेशका १० जिल्ला कुष्ठरोगको जोखिममा रहेको पाइएको छ । मधेस प्रदेशपछि लुम्बिनी कुष्ठरोगको दोस्रो उच्च जोखिममा रहेको प्रदेश भएको आइएनएफ नेपालका मेडिकल सर्भिसेज निर्देशक डा. अरुणकुमार बुढाले बताए । उनका अनुसार रूपन्देही, कपिलवस्तु, पश्चिम नवलपरासीलगायत जिल्ला कुष्ठरोगको जोखिममा छन् ।

नेपालमा कुष्ठरोग देखिएका १८ जिल्लामध्ये १० जिल्ला बाँकेको साइनिङ अस्पतालको सेवाक्षेत्रभित्र पर्छन् । लुम्बिनी प्रदेशमा बालबालिकामासमेत कुष्ठरोगको संक्रमण देखिएको र त्यसको संख्या उच्च रहेको उनले बताए । कुष्ठरोगको पहिचानमा ढिलाइ हुनुमा गरिबी, स्वास्थ्य सेवामा पहुँचको अभाव, सामाजिक भेदभाव र लाञ्छना प्रमुख कारण रहेको डा. बुढाको भनाइ छ ।

बाँकेको जानकी गाउँपालिका-मानपुरस्थित साइनिङ अस्पताललाई लुम्बिनी प्रदेशसहित पश्चिम नेपालकै कुष्ठरोग तथा उष्ण उपेक्षित रोगसम्बन्धी सेवाको क्षेत्रीय केन्द्रका रूपमा विकास गर्ने योजना अघि बढाइएको छ । हाल क्षेत्रीय प्रेषण केन्द्रका रूपमा सञ्चालन भइरहेको अस्पताललाई कर्णाली, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका बिरामीको उपचार केन्द्र बनाउने लक्ष्य रहेको उनले बताए । यो योजना नेपाल सरकारको शून्य कुष्ठरोग रणनीतिसँग सम्बन्धित रहेको उनको भनाइ छ । नेपाल सरकारको प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ मा करिब दुई हजार ५०० नयाँ कुष्ठरोगी पहिचान भएका छन् । तीमध्ये करिब २५ प्रतिशत लुम्बिनी प्रदेशका रहेको आइएनएफ नेपाल, साइनिङ अस्पताल बाँकेले जनाएको छ ।

कुष्ठरोगको जोखिममा रहेका बिरामीलाई लक्षित गरी अस्पतालको सेवा विस्तार गर्न लागिएको हो । करिब दुई करोड ३५ लाख रूपैयाँको लागतमा अस्पतालको अन्तरंग सेवाका लागि भवन निर्माण भइरहेको छ । पाँचवटा वार्डमा २५ जना बिरामी राख्न सकिने भवनमा हिवलचेयरमैत्री शौचालय, नर्सिङ स्टेसन, उपचार कक्ष र औषधि भण्डारण कक्षलगायत सुविधा रहने छन् । हालसम्म आइएनएफका पोखरास्थित हरियोखर्क अस्पताल, सुर्खेतस्थित साइनिङ अस्पताल र बाँकेको साइनिङ अस्पतालबाट छ हजार ७९ जनाले निःशुल्क उपचार सेवा लिएका छन् ।

अस्पताललाई निरन्तर सञ्चालन गर्न छालारोग विशेषज्ञ, थेरापिस्ट, कृत्रिम अंग तथा जुत्ता प्रविधिसम्बन्धी जनशक्ति र दक्ष कर्मचारी आवश्यक रहेको डा. बुढाले बताए । अपांगता पुनःस्थापना पनि चुनौतीपूर्ण रहेको उल्लेख गर्दै उनले नर्सने रोगका कारण हुने अपांगताको व्यवस्थापनसमेत चुनौतीका रूपमा रहेको बताए । अस्पतालको सेवा विस्तार र सञ्चालनका लागि लुम्बिनी प्रदेश सरकारको सहकार्य आवश्यक रहेको उनको भनाइ छ ।

आइएनएफका अन्तर्राष्ट्रिय कार्यकारी प्रमुख रिचर्ड रिभले नेपालमा कुष्ठरोग नियन्त्रणका लागि ठूलो धनराशि खर्च भइरहेको र त्यसबाट आशातीत उपलब्धि हासिल भएको बताए । *रासस*

युएइमा रोजगार | कम्पनी : CHINA CIVIL ENGINEERING CONSTRUCTION CORPORATIONS- DUBAI BRANCH

पूर्व स्वीकृति मिति : २०८३/०९/२८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/०३ | LT. No. 341880 | चलानी नं. ६०२५५२१४

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	तालिम दिने	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Building Worker/Labour	119	0	1000	८०,६८४	रु.नि. अनुसार	८ घण्टा	६ दिन	रु.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर ११ गते (27th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा अरिबे पि मेडिकल सर्भ गरको नर्स र दावी लाग्ने	रोजगार सम्बन्धिले मेडिकल सर्भ दिने / लाग्दिने	स्वदेशमा अरिबे बिना सर्भ गरको व्यक्तिको र दावी लाग्ने	रोजगारमा बिना हुने/बढ्ने र गरको व्यक्तिले	हवाई टिकट गरको दिने र दावी लाग्ने	भिसा शुल्क गरको दिने र दावी लाग्ने	सामाजिक सुरक्षा कोष गरको दिने र दावी लाग्ने (लागत सहयोग)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क दावी लाग्ने र गरको व्यक्तिले	बिमा रकमिक शुल्क गरको व्यक्तिले
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २५९ - कामदारले तिर्ने	रु. १,२०० - कामदार आफैले	निःशुल्क	रु. ७०० - कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गरइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । ३) आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ४) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नतिर्नुहोला । ५) विदेश जानुअघि अभिमुखिकरण जा इजाजतमा तालिम अनिवार्य लिनुपर्नेछ । ६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्रो पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस्, सोको एकप्रति आफूसंग राख्नुहोला । ७) कसैमा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहासनमा सम्पर्क गर्नुहोला ।

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com

कतारमा रोजगार | कम्पनी : BARANYOSH KITCHENS AND RESTAURANTS

पूर्व स्वीकृति मिति : २०८१/०९/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/०३ | LT. No. 327741 | चलानी नं. ६०२४५५३९

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब QR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	तालिम दिने	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Waiter	4	0	1400	५७,४९४	रु.नि. अनुसार	८ घण्टा	६ दिन	रु.नि. अनुसार	छ		२ वर्ष
2	Steward/dishwasher	4	0	1100	४५,१११							
3	Assistant Cook	1	0	1500	६१,५५५							

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर ११ गते (27th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा अरिबे पि मेडिकल सर्भ गरको नर्स र दावी लाग्ने	रोजगार सम्बन्धिले मेडिकल सर्भ दिने / लाग्दिने	स्वदेशमा अरिबे बिना सर्भ गरको व्यक्तिको र दावी लाग्ने	रोजगारमा बिना हुने/बढ्ने र गरको व्यक्तिले	हवाई टिकट गरको दिने र दावी लाग्ने	भिसा शुल्क गरको दिने र दावी लाग्ने	सामाजिक सुरक्षा कोष गरको दिने र दावी लाग्ने (लागत सहयोग)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क दावी लाग्ने र गरको व्यक्तिले	बिमा रकमिक शुल्क गरको व्यक्तिले
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २५९ - कामदारले तिर्ने	रु. १,२०० - कामदार आफैले	७०.००	कामदार आफैले	कामदार आफै

वैदेशिक रोजगार विभागबाट गरइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । ३) आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ४) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नतिर्नुहोला । ५) विदेश जानुअघि अभिमुखिकरण जा इजाजतमा तालिम अनिवार्य लिनुपर्नेछ । ६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्रो पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस्, सोको एकप्रति आफूसंग राख्नुहोला । ७) कसैमा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहासनमा सम्पर्क गर्नुहोला ।

FEWA OVERSEAS PVT. LTD
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530, 9808655324, 9813432386, 9827644060, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np
1559/079/80

साउदीमा रोजगार | कम्पनी : NAS COMPANY FOR HUMAN RESOURCES

पूर्व स्वीकृति मिति : २०८३/०८/०२ | LT. No. 349987 | चलानी नं. ६०२६३५२४

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	तालिम दिने	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Food and Beverage Counter Worker	25	0	1500	५९,७४४	रु.नि. अनुसार	८ घण्टा	६ दिन	रु.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर ११ गते (27th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा अरिबे पि मेडिकल सर्भ गरको नर्स र दावी लाग्ने	रोजगार सम्बन्धिले मेडिकल सर्भ दिने / लाग्दिने	स्वदेशमा अरिबे बिना सर्भ गरको व्यक्तिको र दावी लाग्ने	रोजगारमा बिना हुने/बढ्ने र गरको व्यक्तिले	हवाई टिकट गरको दिने र दावी लाग्ने	भिसा शुल्क गरको दिने र दावी लाग्ने	सामाजिक सुरक्षा कोष गरको दिने र दावी लाग्ने (लागत सहयोग)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क दावी लाग्ने र गरको व्यक्तिले	बिमा रकमिक शुल्क गरको व्यक्तिले
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २५९ - कामदारले तिर्ने	रु. १,२०० - कामदार आफैले	निःशुल्क	रु. ७०० - कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गरइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । ३) आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ४) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नतिर्नुहोला । ५) विदेश जानुअघि अभिमुखिकरण जा इजाजतमा तालिम अनिवार्य लिनुपर्नेछ । ६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्रो पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस्, सोको एकप्रति आफूसंग राख्नुहोला । ७) कसैमा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहासनमा सम्पर्क गर्नुहोला ।

JBR Associates Pvt. Ltd.
Kalimatidol, Sinamangal, Ktm, Nepal, Phone No.: +977 1 4478614, 4478115,
E-mail : info@jbrassociate.com, Website: www.jbrassociate.com

कतारमा रोजगार | कम्पनी : COMO FMS

पूर्व स्वीकृति मिति : २०८१/०९/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/०३ | LT. No. 325018 | चलानी नं. ६०२३८९३२

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब QR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	तालिम दिने	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Office Cleaner	17	5	1000	८९,०९०	रु.नि. अनुसार	८ घण्टा	६ दिन	रु.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर ११ गते (27th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा अरिबे पि मेडिकल सर्भ गरको नर्स र दावी लाग्ने	रोजगार सम्बन्धिले मेडिकल सर्भ दिने / लाग्दिने	स्वदेशमा अरिबे बिना सर्भ गरको व्यक्तिको र दावी लाग्ने	रोजगारमा बिना हुने/बढ्ने र गरको व्यक्तिले	हवाई टिकट गरको दिने र दावी लाग्ने	भिसा शुल्क गरको दिने र दावी लाग्ने	सामाजिक सुरक्षा कोष गरको दिने र दावी लाग्ने (लागत सहयोग)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क दावी लाग्ने र गरको व्यक्तिले	बिमा रकमिक शुल्क गरको व्यक्तिले
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २५९ - कामदारले तिर्ने	रु. १,२०० - कामदार आफैले	निःशुल्क	रु. ७०० - कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गरइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । ३) आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ४) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नतिर्नुहोला । ५) विदेश जानुअघि अभिमुखिकरण जा इजाजतमा तालिम अनिवार्य लिनुपर्नेछ । ६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्रो पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस्, सोको एकप्रति आफूसंग राख्नुहोला । ७) कसैमा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहासनमा सम्पर्क गर्नुहोला ।

MINAWA RECRUITMENT H.R. PVT LTD
Govt.Lic. No- 1168/073/074
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ, कोशी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन सम्बन्धमा

(प्रथम पटक प्रकाशित मिति : २०८३/०८/०४ गते)

यस गाउँपालिकाबाट आह्वान गरिएको देहाय बमोजिमको निर्माण कार्यको बोलपत्र सम्बन्धमा प्राप्त बोलपत्रहरुको मूल्यांकन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ बमोजिम सारभूत रूपमा प्रभावग्राही ठहरिएका बोलपत्रहरु मध्ये सार्वजनिक खरिद नियमावली, २०६४ (सोह्रौं संशोधन, २०८३ सहित) बमोजिम औसत अंको सबैभन्दा नजिक रहेको तथा स्वीकृत लागत अनुमानभन्दा बढी नभएको बोलपत्रदाता छनोट गरी निजको बोलपत्र स्वीकृतिका लागि सिफारिसरछनोट गर्ने भनि मूल्यांकन समितिको बैठकबाट निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो ७ (सात) दिने आशयको सूचना गरिएको छ ।

ठेक्का नं.	कामको विवरण	छनौट भएको बोलपत्रदाताको नाम ठेगाना	कबोल रकम (Vat र एक सहित) रु.
KRM/NCB/W/083/084-01	लोहन्द्र खोलामा तटबन्ध निर्माण वडा नं. ४ र ६	L.K. and R.D.S. Construction Pvt. Ltd., Kathmandu-12	रु.१,४५,४२,८०७.४२ (७.८४% घटी)
KRM/NCB/W/083/084-02	कटहरी बहुउद्देश्य सभाहल निर्माण कटहरी-३	Malvika Construction Pvt.Ltd. Budhiganga-02,Morang	रु.१,६१,२३,२०७.२० (१०.६५% घटी)

प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक

रूपशाला

डिसेम्बर ३ मा रिलिज हुँदै वेब सिरिज 'पञ्चायत सिजन ५'

लोकप्रिय हिन्दी वेब सिरिज 'पञ्चायत' को बहुप्रतीक्षित पाँचौं सिजन आगामी डिसेम्बर ३ देखि प्रसारण हुने भएको छ । डिजिटल प्लेटफर्म 'प्राइम भिडियो' ले बुधबार सिरिजको आधिकारिक रिलिज मिति घोषणा गरेको हो । 'द भाइरल फिभर' (टीभीएफ) द्वारा निर्मित यो नयाँ सिजन भारतसहित विश्वभरका २४० भन्दा बढी देश तथा क्षेत्रहरूमा एकसाथ रिलिज हुनेछ । यस सिजनमा 'फुलेरा'को राजनीतिक शक्तिमा ठूलो फेरबदल देखिनेछ । गाउँमा नयाँ 'प्रधानपति'का रूपमा बनराकस (दुर्गेश कुमार) र क्रान्ति देवी (सुनिता राजवार) सत्तामा पुगेपछि कथामा नयाँ राजनीतिक द्वन्द्व, हाँस्यव्यङ्ग्य र नाटकीय मोडहरू आउने बताइएको छ ।



शुक्रबार, ०४ मंसिर २०८३ (Friday, 20 November 2026)

'सिन्दुरे जात्रा'को टिजरमा प्रेम र धोका



■ प्रभाव संवाददाता

काठमाडौं – चलचित्र 'सिन्दुरे जात्रा'को टिजर सार्वजनिक भएको छ । निर्माण टिमले सनेमाको 'बाँसैको सुप्लाखे' गीतपछि बिहीबार टिजर सार्वजनिक गरेको हो ।

टिजरमा सिनेमा मुख्य तीन कलाकार विजय बराल, अञ्जना बराइली र विनोद न्यौपाने देखिएका छन् । टिजरमा प्रेम, खुसी, धोका र पीडा समेटिएको छ ।

मौलिक परम्परागत संस्कृतिबाट सुरु हुने टिजरमा सुरुमा विजय र अञ्जनाको प्रेम, विवाह र खुसी छ । त्यसपछि टिजरमा द्वन्द्व सिर्जना गर्न एन्टागोनिस्ट विनोद न्यौपानेको प्रवेश हुन्छ ।

उनको प्रवेशसँगै वियोगमा फसेका विजयको अवस्था र अञ्जनाले व्यहोरेको धोका र त्यसपछिको पीडा टिजरमा देखिन्छ । प्रेमिल कथा र घटनाक्रमबाट सुरु हुने टिजर धोकासँगै कलाकारको दुःखले सिर्जना गर्ने इमोसनमा गएर टुंगिन्छ । गाउँको सेटअपले धेरैलाई नोस्टाल्जिया सिर्जना गर्छ ।

'सिन्दुरे जात्रा'लाई सरोज पौडेलले निर्देशन गरेका छन् । यो सिनेमामा नेपाली सिनेमा उद्योगकै बक्सअफिसको ब्लकबस्टर जोडी विजय बराल र अञ्जना बराइली छन् । उनीहरूको यो दोस्रो सहकार्य हो । यसअघि यो टिमले नेपाली चलचित्र इतिहासकै सर्वाधिक सफल मानिएको 'पूर्णबहादुरको सारङ्गी'मा सँगै काम गरेको थियो ।

चलचित्रमा विजय र अञ्जनासँगै विनोद न्यौपाने, उषा खड्गी, रामप्रसाद खनाल, लोकेन्द्र लेखक, कमलमणि नेपाल, भोला राज सापकोटा, हिउँवाला गौतम, राकेश खड्का, युना खड्का, अनिता गिरी, रजनी गुरुङ, देशभक्त खनाल र विनोद परियारलगायत कलाकारको अभिनय देख्न सकिनेछ । सबिन अधिकारी र वसन्त न्यौपानेको लेखन रहेको चलचित्रमा निर्देशक पौडेल स्वयंको कथा छ ।

सारङ्गी फिल्म्सको प्रस्तुतिमा निर्माण भएको चलचित्रका निर्माता नेम महर्जन हुन् । सह-निर्माताका रूपमा राकेश खड्का र श्याम मगर छन् भने एसोसिएट निर्माता सुमन रञ्जित र लाइन निर्माता अनिश अधिकारी रहेका छन् ।

दिनेश खड्का कार्यकारी निर्माता रहेको चलचित्रका पदमबहादुर श्रेष्ठ (बाबु) डीओपी, सुरेन्द्र पौडेल सम्पादक र विशाल घिमिरेको क्रिएटिभ निर्देशक रहेका छन् । यस चलचित्रमा प्रशान्त सिवाकोटीको संगीत रहेको छ । मंसिर १८ गते रिलिज हुने चलचित्रको वितरण जिम्मेवारी नेसनल सिने ग्रुप नेपालले सम्हालेको छ । चलचित्रको थिएटर पार्टनरका रूपमा विग मुभिज रहेको छ भने ओएसआर डिजिटल डिजिटल पार्टनर रहेको छ ।

'अल टाइम १०० ग्रेटेस्ट सुपर स्टार्स'को सूचीमा शाहरूख

मुम्बई– अभिनेता शाहरूख खान बलिउडमा किङ, बादशाह लगायत कयौं नामले चिनिन्छन् । अभिनयका कारण थुप्रै सम्मान र उपाधि पाएका उनले अर्को एउटा ऐतिहासिक उपलब्धि हासिल गरेका छन् । उनी विश्वका 'अल टाइम १०० ग्रेटेस्ट सुपर स्टार्स' को सूचीमा पर्न सफल भएका छन् । यो सूचीमा पर्ने उनी एक मात्र भारतीय कलाकार हुन् ।

सुपरस्टार शाहरूखको लोकप्रियता भारतमा मात्र होइन, विदेशमा पनि उत्तिकै छ । यही विश्वव्यापी क्रेजका कारण उनी संसारभरका नामी फिल्म कलाकारहरूसँगै उत्कृष्ट १०० सितारामा सूचीमा परेका हुन् ।

'अल टाइम १०० ग्रेटेस्ट सुपर स्टार्स' को यो सूची प्रसिद्ध अन्तर्राष्ट्रिय म्यागजिन 'भेराइटी' ले सार्वजनिक गरेको हो । यस सूचीमा शाहरूख खानले मर्लिन मुनरो, चार्ली च्याप्लिन, ज्याक निकोलसन, क्याथरिन हेपबर्न र टम क्रुजजस्ता विश्व प्रसिद्ध दिग्गज कलाकारहरूसँगै स्थान बनाएका छन् ।

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः ।
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ।।

हार्दिक श्रद्धाञ्जलि !!!



जन्मः
२०१६/०४/१६

स्वर्गारोहणः
२०८३/०७/२२

स्व. औली बुढा

बहार मिडियाका म्यानेजिङ्ग डाईरेक्टर धर्म बहादुर बुढा का ममतामयी माता औली बुढाको ६७ बर्षको उमेरमा भएको निधनले हामीलाई दुखित तुल्याएको छ । आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

साथै शोक सन्तप्त परिवारजन प्रति गहिरो समवेदना व्यक्त गर्दछौं ।

कृष्ण कार्की
प्रबन्ध निर्देशक
प्रभाव दैनिक परिवार
सिफल, काठमाडौं

रंगशाला

एनपिएल क्रिकेट

चितवनलाई हराउँदै लगातार तेस्रोपटक फाइनलमा सुदूरपश्चिम



■ प्रभाव संवाददाता

काठमाडौं – चितवन राइनोजलाई पराजित गर्दै सुदूरपश्चिम रोयल्स नेपाल प्रिमियर लिग (एनपीएल) को फाइनलमा प्रवेश गरेको छ ।

बिहीबार कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा भएको दोस्रो क्वालिफायरमा चितवनलाई २ विकेटले पराजित गर्दै सुदूरपश्चिमले लगातार तेस्रो संस्करणमा फाइनल यात्रा तय गरेको हो ।

टस जितेर पहिले ब्याटिङ गरेको चितवनले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १३३ रन बनाएको थियो । चितवनका लागि डाविन मलानले अविजित ७१ रन बनाए । जवाफमा १३४ रनको लक्ष्य सुदूरपश्चिमले १९।५ ओभरमा ८ विकेट गुमाएर पूरा गऱ्यो ।

सुदूरपश्चिमको जितमा थरिन्दुले ब्याटिङ र बलिङ दुवैमा उत्कृष्ट प्रदर्शन गरे । उनले ४२ बलमा ७ चौकासहित अविजित ५३ रन बनाए । बलिङतर्फ पनि २ विकेट लिएका थरिन्दुले अन्तिम ओभरमा विजयी चौका प्रहार गर्दै टोलीलाई फाइनल पुऱ्याए ।

सुदूरपश्चिमको सुरुवात भने राम्रो हुन सकेन । ओपनर विनोद भण्डारीले १३ बलमा २३ रन बनाए पनि जर्ज मन्से ८ रनमा आउट भए । त्यसपछि स्कट कुगेलेइन २ र इशान पाण्डे १० रनमा आउट हुँदा सुदूरपश्चिम ४५ रनमा ४ विकेट गुमाएको कठिन अवस्थामा पुगेको थियो ।

त्यसपछि थरिन्दुले कप्तान दीपेन्द्रसिंह ऐरी र आरिफ शेखसँग महत्त्वपूर्ण साझेदारी गरे । उनले पाँचौं विकेटका लागि दीपेन्द्रसँग ३१ रन तथा छैटौं विकेटका लागि आरिफसँग २६ रनको साझेदारी गरे । दीपेन्द्रले १५ र आरिफले १० रन बनाए ।

एकपछि अर्को विकेट गुमिरहेको अवस्थामा थरिन्दुले धैर्यपूर्ण ब्याटिङ गर्दै टोलीलाई जितसम्म पुऱ्याए ।

चितवनका लागि रन्जित कुमारले २ विकेट लिँदा कमलसिंह ऐरी, रिजन ढकाल, उसामा मिर र सलाउद्दिन खानले समान १ विकेट लिए ।

यसअघि ब्याटिङ गरेको चितवनका लागि डाविन मलानले ५१ बलमा ९ चौका र २ छक्कासहित अविजित ७१ रन बनाएका थिए । उनले सातौं विकेटका लागि सलाउद्दिन खानसँग ४० रनको महत्त्वपूर्ण साझेदारी गरे । सलाउद्दिनले १६ बलमा १८ तथा कमलसिंह ऐरीले ८ बलमा १० रन जोडे ।

चितवनका अन्य ब्याटरले भने उल्लेख्य प्रदर्शन गर्न सकेनन् । कमिल मिशारा ४, देव खनाल ६, रवि बोपारा १, कुशल मल्ल १, विवेक यादव ३ र उसामा मिर २ रनमा आउट भए । रिजन ढकाल ४ रनमा अविजित रहे ।

सुदूरपश्चिमका लागि स्कट कुगेलेइनले सर्वाधिक ३ विकेट लिए । थरिन्दु रत्नायकेले २ विकेट लिँदा हेमन्त धामी, दीपेन्द्रसिंह ऐरी र इशान पाण्डेले समान १ विकेट लिए ।

यस जितसँगै सुदूरपश्चिमले उपाधिका लागि लुम्बिनी लायन्ससँगको भेट पक्का गरेको छ । यसअघि पहिलो क्वालिफायरमा लुम्बिनीसँग पराजित भए पनि दोस्रो क्वालिफायरमार्फत फाइनल पुग्ने अवसर सदुपयोग गरेको सुदूरपश्चिमले अब शनिवार उपाधिका लागि प्रतिस्पर्धा गर्नेछ ।

लगातार तेस्रो पटक फाइनल पुगेको सुदूरपश्चिम यसपटक पहिलोपटक एनपीएल उपाधि जित्ने लक्ष्यमा हुनेछ ।

एन्फाको निलम्बन र प्रतिबन्ध फुकुवा

काठमाडौं (प्रस)– राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले अखिल नेपाल फुटबल संघ (एन्फा) माथिको निलम्बनसहित प्रशासनिक तथा आर्थिक प्रतिबन्ध हटाउने निर्णय गरेको छ । राखेपको कार्यकारी समितिले बिहीबार एन्फामाथि लगाइएका सम्पूर्ण प्रतिबन्ध फुकुवा गर्ने निर्णय गरेको हो । परिषद्ले निर्णय कार्यान्वयनमा आएसँगै एन्फामाथि लगाइएका प्रशासनिक र आर्थिक रोकावट पनि हटेको जनाएको छ ।

राखेपका सदस्यसचिव रामचरित्र मेहतालेे एन्फालाई सम्बोधन गरी पठाएको पत्रमार्फत प्रतिबन्ध फुकुवाको औपचारिक जानकारी दिएका छन् । एन्फाको पत्रमार्फत गरेको अनुरोध तथा परिषद्बाट यसअघि विभिन्न समयमा जारी गरिएका पत्राचारलाई आधार बनाएर निलम्बन र प्रतिबन्ध हटाइएको उल्लेख छ ।

भावपूर्ण श्रद्धाञ्जली




जन्मः
२०१६-०४-१६ गते

स्वर्गारोहणः
२०८३-०७-२२ गते

स्व. औली बुढा

यस संस्थाका प्रबन्धक निर्देशक श्री धर्म बहादुर बुढा की ममतामयी माता श्री औली बुढा को मिति २०८३/०७/२२ गते ६७ वर्षको उमेरमा असामयिक निधन भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भनी प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

बहार मिडिया प्रा.लि. काठमाण्डौं



रूसको मस्कोस्थित रेड स्क्वायरमा हिउँमा सेल्फी खिच्दै मानिसहरू । *तस्विर: सिन्हुवा*

चीन, अमेरिका र रुसद्वारा ‘शान्ति घोषणापत्र’ जारी



सेञ्जेन– चीन, अमेरिका र रुसले आफ्ना राष्ट्रप्रमुखबीच चीनको सेञ्जेन सहरमा भएको ऐतिहासिक त्रिपक्षीय शिखर सम्मेलनपछि बिहीबार संयुक्तरूपमा ‘शान्ति घोषणापत्र’ जारी गरेका छन् ।

चिनियाँ राष्ट्रपति सी चिनफिङ, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिन सहभागी सम्मेलनपछि चिनियाँ सरकारी सञ्चारमाध्यम र क्रेमलिनले संयुक्त वक्तव्य सार्वजनिक गरेका छन् । ह्वाइट हाउसले भने उक्त वक्तव्य सार्वजनिक गरेको छैन ।

संयुक्त वक्तव्यमा तीनै देशका नेताले वर्तमान अन्तर्राष्ट्रिय परिस्थितिबारे गहन विचार विमर्श गर्दै रणनीतिक स्थिरता र अन्तर र्ाष्ट्रिय सुरक्षा कायम राख्ने प्रतिबद्धता व्यक्त गरेको उल्लेख छ ।

तीन देशले प्रशोधित पेट्रोलियम पदार्थको उत्पादन तथा आपूर्ति बढाउने योजना बनाएको र ऊर्जाको स्थिर प्रवाहको महत्त्वलाई पुनः पुष्टि गरेको वक्तव्यमा जनाइएको छ । त्यसैगरी आणविक जोखिम न्यूनीकरण र आणविक हतियारको प्रसार रोक्न आपसी संवाद अघि बढाउने सहमति भएको छ ।

वक्तव्यमा अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी) लगायतका संस्थाले आफ्नो अधिकारक्षेत्रको दुरूपयोग गर्न नहुने उल्लेख गरिएको छ । राष्ट्रको सहमति र सरकारी अधिकारीले पाउने कूटनीतिक उन्मुक्तिको सम्मान गर्नुपर्नेमा पनि नेताहरूले जोड दिएका छन् । तीनै देशले संयुक्त राष्ट्रसंघको सुधार प्रक्रियालाई अघि बढाउन प्रतिबद्धता व्यक्त गरेका छन् ।

चिनियाँ सरकारी समाचार संस्था सिन्हुवाका अनुसार राष्ट्रपति सीले सम्मेलनलाई सकारात्मक, रचनात्मक र उपलब्धिमूलक बताएका हुन् । ‘विश्व शान्तिको संरक्षण गर्ने विषयमा तीनै देशको साझा दृष्टिकोण रहेको छ,’ सीले भने । सम्मेलन सकिएलगत्तै अमेरिकी राष्ट्रपति ट्रम्प सेञ्जेनबाट प्रस्थान गरेका छन् । *रासस/एएफपी*

एसिया-प्रशान्त आर्थिक सहकार्यमा चीन वकालतकर्ता, प्रवर्द्धक र अग्रणीः सी



सेञ्जेन (चीन)– चिनियाँ राष्ट्रपति सी चिनफिङले एसिया-प्रशान्त आर्थिक सहकार्य (एपेक) मा चीन वकालतकर्ता, प्रवर्द्धक र अग्रणीको भूमिकामा रहेको बताएका छन् ।

दक्षिण चीनको गुआङडोङ प्रान्तस्थित सेञ्जेनमा बिहीबार आयोजित एपेकका ३३औं आर्थिक नेताहरूको बैठकलाई सम्बोधन गर्दै उनले एसिया-प्रशान्त समुदायलाई थप सुदृढ बनाउन सबै पक्षसँग सहकार्य गर्न चीन तयार रहेको बताए ।

सीले क्षेत्रीय समुदायको विकासका लागि बलियो आर्थिक तथा व्यापारिक सम्बन्ध आवश्यक रहेको उल्लेख गर्दै व्यापार र लगानीलाई सहज बनाउने, डिजिटल प्रविधिको विकासलाई तीव्रता दिने तथा व्यापारिक अवरोध घटाउने प्रयास गर्न सबै पक्षलाई आग्रह गरे ।

उनले क्षेत्रीय सम्पर्क सञ्जाल विस्तार गर्न पूर्वाधार विकास, नीति तथा नियमबीच समन्वय र जनस्तरको आदानप्रदानलाई प्रोत्साहन गर्नुपर्नेमा जोड दिए । यसबाट सदस्य राष्ट्रका नागरिकबीच आपसी समझदारी र निकट सम्बन्ध विस्तार हुने उनको भनाइ थियो ।

नवप्रवर्तनलाई क्षेत्रीय विकासको महत्त्वपूर्ण आधारका रूपमा प्रस्तुत गर्दै सीले डिजिटल पूर्वाधार निर्माण तथा कृत्रिम बौद्धिकता (एआई) को व्यापक प्रयोगलाई प्रवर्द्धन गर्न थप प्रयास आवश्यक रहेको बताए । उनले क्षेत्रीय अर्थतन्त्रलाई ऊर्जा तथा खाद्यसुरक्षा सुनिश्चित गर्न, सीमापार भ्रष्टाचार नियन्त्रणसम्बन्धी शासन व्यवस्था सुदृढ बनाउन तथा हरित र न्यून कार्बनयुक्त अर्थतन्त्रतर्फको रूपान्तरणमा सहयोग बढाउन पनि आह्वान गरे । त्यसैगरी, नागरिकको जीवनस्तर सुधार गर्न तथा मानव पुँजीमा लगानी बढाउन सबै पक्षले ध्यान दिनुपर्नेमा उनले जोड दिए । *रासस/सिन्हुवा*

हसिनाको फिर्तीको घोषणापछि बंगलादेशमा सुरक्षा कडा



ढाका– पूर्वप्रधानमन्त्री शेख हसिनाका समर्थकले राष्ट्रव्यापी प्रदर्शनको आह्वान गरेपछि बंगलादेश सरकारले राजधानी ढाकासहित सात जिल्लामा सयौं सुरक्षाकर्मी परिचालन गरेको छ ।

विद्यार्थी नेतृत्वको विद्रोहबाट १५ वर्ष शासन अन्त्य भएपछि सन् २०२४ अगस्टमा भारत पलायन भएकी ७९ वर्षीया हसिनाले आगामी डिसेम्बरमा स्वदेश फर्कने घोषणा गरेकी छन् । प्रदर्शनकारीमाथि भएको घातक दमनसम्बन्धी मानवताविरुद्धको अपराधमा दोषी ठहर गर्दै अदालतले उनलाई अनुपस्थितिमै मृत्युदण्डको सजाय सुनाएको थियो ।

हसिनाको सम्भावित फिर्तीलाई लिएर पछिल्ला दिनमा हिंसात्मक घटना बढेका छन् । प्रतिबन्धित अवस्थामा रहेको उनको दल अवामी लिगले बिहीबार राष्ट्रव्यापी प्रदर्शन र ‘लकडाउन’ आह्वान गरेको थियो । सीमा सुरक्षा बल बंगलादेशले हसिनाको गृहनगर गोपालगञ्जसहित सात जिल्लामा सुरक्षाकर्मी खटाएको छ ।

पार्टीको घरभित्रै बस्नुपर्ने आह्वानका बाबजुद समर्थकहरूले ढाकालाई गोपालगञ्जसँग जोड्ने राजमार्गका विभिन्न स्थानमा प्रदर्शन गर्दै यातायात अवरुद्ध गरेका छन् । ती क्षेत्रमा आगजनी तथा हिंसाका घटना भएको प्रत्यक्षदर्शीहरूले बताएका छन् ।

यसैबीच, प्रधानमन्त्री तारिक रहमानले राजनीतिक विरोधीहरूले देशलाई अस्थिर बनाउन खोजेको आरोप लगाउँदै लोकतन्त्र समर्थक शक्तिहरूलाई एकजुट हुन आग्रह गरेका छन् । प्रहरीले अवामी लिगसँग सम्बन्धित १०७ जनालाई बुधबारदेखि पक्राउ गरेको जनाएको छ । पक्राउ पर्नेमा पूर्वशिक्षामन्त्री नुरुल इस्लाम नाहिदसमेत छन् ।

हसिनाले पछिल्ला सातामा समर्थकहरूलाई सम्बोधन गर्दै डिसेम्बरमा स्वदेश फर्कने प्रतिबद्धता दोहोऱ्याएकी छन् । उनको घोषणासँगै बंगलादेशको राजनीतिक वातावरण थप तनावपूर्ण बनेको छ । *रासस/एएफपी*

पाकिस्तानमा २२ आतंककारी मारिएको सेनाको दाबी

इस्लामाबाद– अफगानिस्तानसँग सीमा जोडिएको पाकिस्तानको उत्तरपश्चिमी क्षेत्रमा सुरक्षा बलले गरेको कारबाहीमा २२ जना आतंककारी मारिएको पाकिस्तानी सेनाले जनाएको छ । गुप्तचर सूचनाका आधारमा खैबर पख्तुनख्वा प्रान्तका विभिन्न स्थानमा गरिएको छापामा उनीहरू मारिएको सेनाले बिहीबार विज्ञप्तिमार्फत जानकारी दिएको हो ।

सेनाका अनुसार दक्षिण वजीरिस्तान, बन्नु र टचांक जिल्लामा पछिल्लो ४८ घण्टामा कारबाही गरिएको थियो । मारिएका आतंककारीलाई भारतको समर्थन रहेको आरोपसमेत सेनाले लगाएको छ । यसबारे भारतले तत्काल कुनै प्रतिक्रिया जनाएको छैन । पाकिस्तानले यसअघि पनि अफगानिस्तान र भारतले पाकिस्तानी तालिबान तथा अन्य आतंकवादी समूहलाई सहयोग गरेको आरोप लगाउँदै आएको छ । दुवै देशले भने ती आरोप अस्वीकार गर्दै आएका छन् ।

पाकिस्तानी सेनाले गत साता उत्तरपश्चिमी क्षेत्र र दक्षिणपश्चिमी बलुचिस्तान प्रान्तका विभिन्न लुकेका स्थानमा गरेको कारबाहीमा ७४ जना आतंककारी मारिएको जनाएको थियो । सेनाले बाँकी रहेका आतंककारीको खोजी जारी रहेको र विदेशी समर्थनमा भइरहेको भनिएको आतंकवादी गतिविधिविरुद्ध कारबाही निरन्तर अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ ।

राष्ट्रपति आसिफ अली जरदारी र प्रधानमन्त्री शाहबाज सरिफले छुट्टाछुट्टै वक्तव्य जारी गर्दै भारत समर्थित भनिएका आतंककारीलाई मारिएको भन्दै सुरक्षा बलको प्रशंसा गरेका छन् । उनीहरूले आतंकवादविरुद्धको लडाइँ जारी राख्ने प्रतिबद्धता व्यक्त गर्दै आतंककारी र तिनका समर्थकलाई पाकिस्तानमा अशान्ति फैलाउन नदिने बताएका छन् । आतंकवादविरुद्ध लडिरहेका सुरक्षा फौजको साथमा सिंगो राष्ट्र रहेको उनीहरूको भनाइ छ । पाकिस्तानमा पछिल्ला वर्षहरूमा प्रहरी तथा सुरक्षा बललाई लक्षित गरी हुने आतंकवादी आक्रमण बढेका छन् । अधिकारीहरूले अधिकांश घटनामा तहरीक-ए-तालिबान पाकिस्तान (टिटिपी) र त्यससँग आबद्ध अन्य आतंकवादी समूहको संलग्नता रहेको आरोप लगाउँदै आएका छन् ।

पाकिस्तानी तालिबान अफगानिस्तानको तालिबानभन्दा अलग संगठन भए पनि सन् २०२१ मा काबुलमा सत्ता कब्जा गरेको तालिबानसँग सम्बन्धित छ । टिटिपीका धेरै नेता तथा लडाकू अफगानिस्तानको सीमापार क्षेत्रमा रहेका सुरक्षित आश्रयस्थलबाट गतिविधि सञ्चालन गरिरहेको विश्वास गरिन्छ । यसै कारण इस्लामाबाद र काबुलबीचको सम्बन्ध तनावपूर्ण बन्दै आएको छ । *रासस/एपी*

इमरानको सुरक्षाका लागि छोराको विश्व समुदायसँग अपिल



इस्लामाबाद– पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानका छोरा कासिम खानले आफ्ना बुबाको ज्यान जोखिममा रहेको भन्दै उनको सुरक्षाका लागि तत्काल हस्तक्षेप गर्न अन्तर र्ाष्ट्रिय समुदायसँग अपिल गरेका छन् । उनले सेना प्रमुख असीम मुनीरको नेतृत्वमा रहेको पाकिस्तानी सैन्य प्रशासनमाथि हत्या, अपहरण र यातनाको सहारा लिएको आरोप लगाएका छन् ।

सामाजिक सञ्जाल एक्समा सन्देश लेख्दै कासिमले मुनीर नेतृत्वको शासनले तर्क नसुन्ने आरोप लगाएका छन् । आफ्ना बुबाको हत्या हुनुअघि नै विश्व समुदायले कदम चाल्नुपर्ने उनको आग्रह छ । यसैबीच, अन्तर्राष्ट्रिय मानवअधिकार संस्था एम्नेस्टी इन्टरनेसनलले इमरान खान र उनकी पत्नी बुशरा बीबीको नजरबन्द, स्वास्थ्य उपचार तथा परिवार र कानुनी प्रतिनिधिसँगको भेटघाटमा लगाइएको प्रतिबन्धप्रति चिन्ता व्यक्त गरेको छ ।

संस्थाका अनुसार इमरान खानलाई सन् २०२५ डिसेम्बरदेखि परिवारसँग भेट्न दिइएको छैन । सन् २०२६ अगस्टमा बहिनीसँग दुईपटक भेट्न पाए पनि मार्चदेखि छोराहरूसँग टेलिफोनमा कुराकानी गर्न दिइएको छैन । ७४ वर्षीय पूर्वप्रधानमन्त्रीलाई एकान्त कारावासमा राख्दा मानसिक तथा शारीरिक स्वास्थ्यमा असर पर्न सक्ने संस्थाको चेतावनी छ ।

एम्नेस्टीले उनको रक्तचापसम्बन्धी गम्भीर समस्याबारे उल्लेख गर्दै सर्वोच्च अदालतको आदेश हुँदाहुँदै स्वतन्त्र चिकित्सकबाट उपचारको व्यवस्था नगरिएको आरोप लगाएको छ । बुशरा बीबीको आँखासम्बन्धी रोगको पर्याप्त उपचार नभए दृष्टि गुम्न सक्ने जोखिम रहेको पनि संस्थाले जनाएको छ ।

संस्थाले उनीहरूको हिरासतको अवस्थालाई नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १० विपरीत रहेको बताएको छ । इमरानका परिवारका सदस्यलाई समेत अधिकारका पक्षमा आवाज उठाएकै कारण पक्राउ गरिएको भन्दै आपत्ति जनाएको छ ।

एम्नेस्टीका अनुसार पिटिआईको इस्लामाबाद मार्चसँग सम्बन्धित घटनामा इमरानका तीन बहिनीलाई सेप्टेम्बर २० र २१ मा सार्वजनिक व्यवस्था कायम गर्ने ऐन, १९६० अन्तर्गत पक्राउ गरिएको थियो । तीमध्ये दुई जना रिहा भए पनि अलीमा खान लाहोरको कोट लखपत जेलमा अझै थुनामा छन् ।

एम्नेस्टीले इमरान खान र बुशरा बीबीलाई पर्याप्त स्वास्थ्य उपचार उपलब्ध गराउन, परिवार तथा वकिलसँग नियमित भेटघाटको व्यवस्था गर्न र अलीमा खानलाई तत्काल रिहा गर्न पाकिस्तानी अधिकारीहरूसँग माग गरेको छ । *रासस/एएनआई*

उच्च खर्चबीच पनि श्रीलंकाको बजेटमा वित्तीय अनुशासन कायमः फिच

कोलम्बो– श्रीलंकाको सन् २०२७ को बजेटले सार्वजनिक लगानी र चक्रवातपछिको पुनर्निर्माण खर्च बढाए पनि वित्तीय अनुशासन तथा सार्वजनिक ऋण घटाउने प्रतिबद्धता कायम राखेको फिच रेटिङ्सले जनाएको छ ।

फिचका अनुसार सन् २०२६ मा वित्तीय लक्ष्यभन्दा राम्रो उपलब्धि हासिल हुनु श्रीलंकाको सार्वभौम ऋण मूल्यांकन ‘सिसिसी प्लस’ बाट स्थिर दृष्टिकोणसहित ‘बी माइनस’ मा स्तरोन्नति हुनुको प्रमुख आधार बनेको थियो । बजेटले सन् २०२७ मा जिडिपीको २.३ प्रतिशत प्राथमिक बजेट बचतको लक्ष्य राखेको छ । सन् २०२६ मा यो ३.६ प्रतिशत रहने अनुमान छ । यद्यपि, समग्र वित्तीय घाटा भने ३.७ प्रतिशतबाट बढेर ४.५ प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ ।

राजस्वमा कमी र पुँजीगत खर्च वृद्धिका कारण प्राथमिक बचतको लक्ष्य घटेको भए पनि यो सार्वजनिक ऋण न्यूनीकरणको दीर्घकालीन योजनासँग मेल खाने फिचको निष्कर्ष छ । चक्रवातपछिको पुनर्निर्माणका लागि २६० अर्ब श्रीलंकाली रूपैयाँ लगानी गर्ने योजनाले सार्वजनिक खर्च बढाएको छ ।

बजेट अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) को विस्तारित कर्जा सुविधा कार्यक्रमसँग पनि समग्ररूपमा अनुकूल रहेको फिचले जनाएको छ । यसले आगामी मार्चमा समाप्त हुने कार्यक्रमको सातौं समीक्षा प्रक्रियालाई सहयोग गर्ने अपेक्षा गरिएको छ ।

वित्तीय सुधार भए पनि श्रीलंकाको सार्वजनिक ऋण अझै चुनौतीपूर्ण छ । जिडिपीको ११५ प्रतिशत रहेको सरकारी ऋण सन् २०२६ मा ९२ प्रतिशतमा झर्ने अनुमान छ । तर यो ‘बी’ श्रेणीका मुलुकको औसत ५५ प्रतिशतभन्दा निकै उच्च हो । ऋणको दिगोपन र थप मूल्यांकन सुधारका लागि सरकारले राजस्व वृद्धि, खर्च नियन्त्रण र उच्च प्राथमिक बजेट बचतलाई निरन्तरता दिनुपर्ने फिचले औंल्याएको छ । *रासस/सिन्हुवा*

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

अर्थ बजार

आजको मूल्य

छापावाला सुन	तेजाबी सुन	चाँदी
प्रति तोला –	प्रति तोला –	प्रति तोला –
२,५७,६००	०	३,३३५



पर्यटकका लागि प्याराग्लाइडिङ | **कास्कीको माछापुच्छे गाउँपालिका-५ रिभानको मैंचे डाँडामा बिहीबारदेखी सञ्चालनमा आएको प्याराग्लाइडिङ प्रशिक्षण केन्द्रको उद्घाटनका अवसरमा प्याराग्लाइडिङ उडान भर्दै पाइलट ।** *तस्बिर : कृष्ण दवाडी/रासस*

चालु आवको तीन महिनामा मुद्रास्फीति ६.३७ प्रतिशत

■ प्रभाव संवाददाता



काठमाडौं– चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो तीन महिनामा वार्षिक विन्दुगत उपभोक्ता मूल्यवृद्धि (मुद्रास्फीति) छ दशमलव ३७ प्रतिशत रहेको छ ।

नेपाल राष्ट्र बैंकले बिहीबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार गत असोज मसान्तसम्ममा विदेशी मुद्रा सञ्चिति रु ४१ खर्ब १४ अर्ब पुगेको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २७ अर्ब ३९ करोड डलर रहेको छ । उक्त सञ्चितिले १७ दशमलव दुई महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने राष्ट्र बैंकले जनाएको छ ।

प्रतिवेदनअनुसार समीक्षा अवधिमा चालु खाता रु दुई खर्ब ७९ अर्ब ११ करोड र शोधनान्तर स्थिति रु तीन खर्ब तीन अर्ब ७९ करोड बचतमा रहेको छ । यस अवधिमा विप्रेषण आप्रवाह नेपाली रूपैयाँमा २७.२ प्रतिशत र अमेरिकी डलरमा १६.७ प्रतिशतले वृद्धि भएको छ । चालु आर्थिक वर्षको असोज महिनामा मात्रै विप्रेषण आप्रवाह रु दुई खर्ब ६७ अर्ब ३४ करोड रहेको छ । त्यस्तै, समीक्षा अवधिमा निर्यात ५७ प्रतिशत र आयात ३८.२ प्रतिशतले बढेको छ । नेपाल सरकारको कुल खर्च रु तीन खर्ब ९६ अर्ब २७ करोड रहेको छ भने राजस्व परिचालन रु दुई खर्ब ९८ अर्ब ६१ करोड रहेको प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै, विस्तृत मुद्राप्रदाय चार दशमलव चार प्रतिशतले बढेको छ । वार्षिक विन्दुगत आधारमा यस्तो मुद्राप्रदाय १४ दशमलव ८ प्रतिशतले वृद्धि भएको छ ।

प्रतिवेदनअनुसार बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन दुई दशमलव आठ प्रतिशतले र निजी क्षेत्रमा प्रवाहित कर्जा तीन दशमलव एक प्रतिशतले बढेको छ ।

वार्षिक विन्दुगत आधारमा निक्षेपको वृद्धिदर १३ दशमलव सात प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर आठ दशमलव तीन प्रतिशत रहेको छ । बैंक तथा वित्तीय संस्थाबीचको भारित औसत अन्तरबैंक दर दुई दशमलव ७५ प्रतिशत रहेको छ भने ९१ दिने अवधिको ट्रेजरी बिलको भारित औसत ब्याजदर एक दशमलव ०१ प्रतिशत रहेको छ ।

त्यसैगरी, वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर तीन दशमलव ०७ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर छ दशमलव ३१ प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ ।

मुआब्जा पुनरावलोकनको माग

■ प्रभाव संवाददाता

संखुवासभा– अरुण तेस्रो जलविद्युत् आयोजनाको ४०० केभी प्रसारण लाइन निर्माणका लागि अधिग्रहण गरिएका जग्गाको मुआब्जा निर्धारण प्रक्रिया पुनरावलोकन गर्न खाँदबारीका प्रभावित जग्गाधनीले माग गरेका छन् ।

खाँदबारी नगरपालिका क्षेत्रका प्रभावित जग्गाधनीले मुआब्जा निर्धारणका क्रममा पर्याप्त छलफल, सहभागिता र पूर्वजानकारी नगराइएको भन्दै जिल्ला प्रशासन कार्यालयमार्फत सरकारसँग पुनरावलोकनको माग गरेका हुन् । अरुण तेस्रो ४०० केभी प्रसारण लाइन सहजीकरण समूहले प्रमुख जिल्ला अधिकारी डा डिजन भट्टराईलाई ज्ञापनपत्र बुझाउँदै मुआब्जा निर्धारण प्रक्रिया पुनरावलोकन गरी उचित क्षतिपूर्ति र न्यायोचित निर्णय गर्न माग गरेको छ ।

मुआब्जा पुनरावलोकन सहजीकरण समितिका संयोजक नवीन भण्डारीले प्रभावित जग्गाधनीसँग पर्याप्त छलफल र परामर्श नगरी मुआब्जा निर्धारण प्रक्रिया अघि बढाइएको बताए । समूहका सचिव छवि गुरुङले निजी सम्पत्ति, आर्थिक अवस्था, भविष्यमा जग्गाको उपयोगिता र जीविकोपार्जनसँग प्रत्यक्ष सम्बन्ध राख्ने विषयमा सरोकारवालालाई पूर्वजानकारी नदिइएको बताए ।

समितिले यस विषयमा गृह मन्त्रालयमा समेत निवेदन पेस गरेको जनाएको छ । प्रभावित जग्गाधनीले प्रसारण लाइन निर्माणबाट पर्ने असरलाई ध्यानमा राखी निष्पक्ष र पारदर्शी रूपमा समस्या समाधान गर्न माग गरेका छन् ।

नेप्से परिसूचक झिनो अंकले बढ्यो

काठमाडौं (प्रस)– धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज झिनो अंकले बढेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक तीन दशमलव ६२ अंकले बढेर दुई हजार ६२८ दशमलव ६७ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ७८ अंकले बढेर ४७६ दशमलव ९३ मा पुगेको छ । त्यस्तै फ्लोट सूचक शून्य दशमलव ३१ अंकले बढेर १८२ दशमलव ६९ मा पुगेको छ भने सेन्सेटिभ फ्लोट सूचक शून्य दशमलव ३० अंकले बढेर १६१ दशमलव ९२ मा पुगेको छ ।

विभिन्न कम्पनीका ९४ लाख ३७ हजार ८४२ कित्ता शेयर रु तीन अर्ब ८७ करोड ७६ लाख ४५ हजार ७२८ मूल्यमा खरिद बिक्री भएको छ । १३ उपसमूहमध्ये पाँच उपसमूह बढ्यो भने आठ उपसमूह घटेका छन् । १३८ कम्पनीको शेयर बढ्नुका साथै १३२ कम्पनीको शेयर घटेको छ । त्यसैगरी १० कम्पनीको शेयर स्थिर छन् ।

नेप्सेका अनुसार बोटर्लस नेपाल (बालाजु) बोर्टलस नेपाल (तराई) र गार्डियन माइक्रो लाइफ इन्सुरेन्सलगायतका कम्पनीका

तिलोत्तमामा राष्ट्रिय औद्योगिक व्यापार मेला

■ दामोदर खनाल



रूपन्देही– रूपन्देहीको तिलोत्तमामा राष्ट्रिय औद्योगिक व्यापार मेला सुरु भएको छ । तिलोत्तमा उद्योग वाणिज्य संघको आयोजनामा तिलोत्तमास्थित मणिग्राममा १६ गते मंसिरसम्म सञ्चालन हुने नवौं राष्ट्रिय औद्योगिक व्यापार मेला, कृषि, प्रविधि एवं पर्यटन प्रवर्द्धन महोत्सवको बिहीबार तिलोत्तमा नगरपालिका नगरप्रमुख रामकृष्ण खाणले उद्घाटन गरे ।

मेलाको उद्घाटन गर्दै नगरप्रमुख खाणले निजी क्षेत्रलाई अगाडि नबढाएसम्म मुलुकको अर्थतन्त्रमा सुधार आउन नसक्ने बताए । उदार अर्थतन्त्रको अवलम्बनपछि गरिबी घट्नुका साथै उद्योग, व्यापार तथा व्यवसायमा क्रमिक विकास भएको उल्लेख गर्दै उनले अब आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनलाई प्राथमिकता दिनुपर्नेमा जोड दिए । मेला महोत्सव उद्योगी, व्यवसयी र उपभोक्ताको संगमस्थल भएको बताए ।

औद्योगिक तथा व्यावसायिक विकासका लागि तीनै तहका सरकारले गम्भीर भएर काम गर्नुपर्ने उनको भनाइ थियो । तिलोत्तमामा स्थायी प्रदर्शनीस्थल निर्माणका लागि जग्गाको अभाव रहेको उल्लेख गर्दै मेयर खाडले तिलोत्तमा नगरपालिका वडा नं. ४ मा नदि उकास क्षेत्रमा ५ विगाहा जग्गा पालिकाले व्यवस्थापन गर्ने प्रतिवद्धता व्यक्त समेत जनाए । मेलाले स्थानीय उद्योग तथा व्यापारको प्रवर्द्धन संगै आर्थिक गतिविधि चलायमान बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

तिलोत्तमा उद्योग वाणिज्य संघका अध्यक्ष तथा मेला मूल आयोजक समितिका संयोजक ज्ञानेन्द्र कार्कीले स्थानीय उत्पादनलाई बजारसँग जोड्दै औद्योगिक तथा व्यावसायिक गतिविधि चलायमान बनाउन मेला आयोजना गरिएको बताए । उद्योग, व्यापार, कृषि, पर्यटन र प्रविधिको साझा प्रदर्शनीका रूपमा मेलालाई विकास गर्ने लक्ष्य रहेको उनले उल्लेख गरे ।

अध्यक्ष कार्कीले भारतसँगको व्यावसायिक सम्पर्कलाई प्रभावकारी बनाउँदै व्यापारिक लाभ लिन सकिने बताउँदै बुद्ध सर्किट र जानकी सर्किटको विकास तथा विस्तारलाई पनि मेलाले प्राथमिकता दिएको जानकारी दिए ।

नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष कृष्णप्रसाद शर्माले मुलुकको औद्योगिक तथा व्यावसायिक वातावरण कमजोर हुँदै गएको उल्लेख गर्दै त्यसको सुधारका लागि सरकार र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको बताए । उनले विग्रँदो अर्थतन्त्रलाई सुधार गर्न दुवै पक्षले साझा प्रयास गर्नुपर्नेमा जोड दिए । यस्ता मेला महोत्सव स्थानीय अर्थतन्त्रलाई चलायमान गराउन सहयोगी हुने समेत बताए ।

'उद्योग, कृषि, प्रविधि र पर्यटनमा लगानी : दिगो आर्थिक विकासका लागि चौथो तिलोत्तमा राष्ट्रिय प्रदर्शनी' भन्ने मुल नार ासहित आयोजित मेलामा ३ सय बढि स्टल रहेका छन् । मंसीर१६ गतेसम्म सञ्चालन हुने मेलामा पाँच लाख दर्शकले अवलोकन गर्ने र १२ करोड रूपैयाँ बराबरको आर्थिक कारोबार हुने आयोजकले लक्ष्य लिएको छ ।

मेलामा औद्योगिक उत्पादन, कृषि उपज, प्रविधि तथा पर्यटनसँग सम्बन्धित सामग्री र सेवाको प्रदर्शनी तथा बिक्री गरिनेछ । संघका वरिष्ठ उपाध्यक्ष तथा मेला मूल आयोजक समितिका सहसंयोजक सुरज पंगेनीका अनुसार कृषि तथा पर्यटन प्रवर्द्धनलाई प्राथमिकता दिँदै विभिन्न क्षेत्रका उत्पादन र गतिविधि समेटिएका छन् ।

मेलालाई व्यापारीक प्रदर्शनीमा मात्र सीमित नराखी मनोरञ्जन, संस्कृति र पर्यटनसँग पनि जोडिएको छ । संघका महासचिव राजकुमार पाण्डेका अनुसार मेलामा पशुपतिनाथ मन्दिर, मुक्तिनाथ मन्दिर लुम्बिनी, र जनकपुरधामको कलात्मक शैलीमा तयार गरिएका संरचना, रामायण शो, तिलोत्तमा आरती, सांस्कृतिक कार्यक्रम तथा बालउद्यान राखिएका छन् । तिलोत्तमाभित्रका पर्यटकीय गन्तव्यको पहिचान र प्रचारप्रसारका लागि पर्यटन ग्यालरीसमेत राखिएको छ ।

मेलाको प्रभातफेरीमा रोबर्ट

मेला उद्घाटन अगाडि आयोजित प्रभातफेरीमा बेनबेन नमको रोबर्ट समेतको सहभागितामा धेरैको मन तानेको थियो । चालीसँगै रोबर्ट पनि हिडेकाले दर्शक र स्थानीयको ध्यान आकर्षित गरेको थियो ।


मेलाका प्रचार-प्रसारका प्रभात फेरी गरिएको थियो । मेलास्थलबाट सुरु गरिएको प्रभात फेरी कफि कम्पनी , मणिग्राम बजारको चोकलगायतको स्थान परिक्रम पछि पुन: मेला स्थलमा आएर सकिएको थियो ।

उक्त प्रभात फेरीमा उत्कृष्ट हुने समुहलाई नगदसहित पुरस्कृत गरिएको छ । प्रभात फेरीमा नेपाल मगर संघ तिलोत्तमा १ प्रथम, क्षेत्री समाज नेपाल द्वितीय तथा नेपाल मगर संघ तिलोत्तमा नगर समिति र क्रिस्टल नलेज एकेडेमी मंगलापुर तृतीय भएका छन् । त्यस्तै जागृती टोल विकास संस्था, टिकुलीगढ आमा समुह र लुम्बिनी एफएम आमा समुह सान्त्वना भए । बिजयी सहभागिलाई बेनबेन रोबर्टले माला लगाई दिई सम्मान गरिएको थियो । यश क्षेत्रमा रोबर्टको पहिलो प्रयोग गरिएकाले धेरैको आकर्षणको केन्द्र भएको थियो । रोबर्डसँग तस्बिर लिने ,सेल्फि खिच्ने, हात मिलाउनेको पनि निकै थिए ।

प्रभात फेरीमा प्रथम हुनेलाई १५ हजार रूपैया, द्वितीय हुनेलाई १० हजार रूपैया, तृतीय हुने २ वटा समुहलाई जनही ५ हजार रूपैया तथा सान्त्वना हुने ३ वटा समुहलाई जनही २ हजार ५ सय रूपैया नगद पुरस्कार प्रदान गरिएको छ । प्रभात फेरीमा विभिन्न २ सय १० संघसंस्था सहभागि रहेको संघका निवर्तमान अध्यक्ष समेत रहेका अनुगमन तथा मुल्यांकन समितिका संयोजक गुणनिधी भण्डारीले जानकारी गराए ।

कार्यक्रममा अनुगमन तथा मुल्यांकन समितिका संयोजक गुणनिधी (माधव) भण्डारी, सिद्धार्थनगर उद्योग वाणिज्य संघ भैरहवाका अध्यक्ष ठाकुरकुमार श्रेष्ठ बुटवल उपमहानगरपालिका मेयर खेलराज पाण्डे, रूपन्देहीका प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्याल, तिलोत्तमा चेम्बर अफ कमर्सका अध्यक्ष नेत्र न्यौपाने, तिलोत्तमा उद्योग व्यापार संगठनका अध्यक्ष प्रेम जीएमलगायत उद्योगी, व्यवसायीहरूले शुभकामना व्यक्त गरेका थिए ।

पहिलो व्यावसायिक वास्तु सफ्टवेयर 'संस्कार वास्तु सफ्टवेयर' सार्वजनिक हुँदै



■ प्रभाव संवाददाता

काठमाडौं – नेपालमा वास्तु तथा अंकज्योतिषसम्बन्धी व्यावसायिक पाठ्यक्रम सञ्चालन गर्ने पहिलो संस्थाका रूपमा स्थापित संस्कार एकेडेमीले नेपाली वास्तु क्षेत्रको विकासमा नयाँ पहल अघि सारेको छ । संस्कार वास्तु सफ्टवेयरको आज (शुक्रबार) औपचारिक शुभारम्भसमेत गरिनेछ ।

संस्थाले नेपालमै पहिलो पटक लेचर एन्टेना, आभा स्क्यानर तथा वास्तु गुरुका विशेष व्यावहारिक कार्यशाला सञ्चालन गर्ने भएको छ । यससँगै नेपालमै विकास गरिएको पहिलो व्यावसायिक वास्तु सफ्टवेयर 'संस्कार वास्तु सफ्टवेयर' सार्वजनिक गर्ने तयारी गरेको छ ।

संस्कार एकेडेमीका संस्थापक, प्रमुख कार्यकारी अधिकृत तथा मुख्य प्रशिक्षक आचार्य राजाबाबु शाहको नेतृत्वमा अघि बढाइएको यस अभियानले व्यावसायिक शिक्षा, व्यावहारिक प्रशिक्षण र आधुनिक प्रविधिलाई एकीकृत गर्दै नेपाली वास्तु परामर्शदातालाई अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउने लक्ष्य राखेको छ ।

यसै अवसरमा आगामी मंसिर ४, ५ र ६ गते काठमाडौंको बूढानीलकण्ठस्थित होटल लेमन ट्री प्रिमियरमा तीनदिने आवासीय वास्तु गुरु कार्यकारी पाठ्यक्रम सञ्चालन हुनेछ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ